# ॐ शान्ति सन्देश

द्विमासिक



नव वर्ष २०७१ को मङ्गलमय शुभकामना


























१. चतरा, धरान : १२ वर्षे कुम्भ मेलाको अवसरमा नेपालका प्रथम जगतगुरु, अनन्त श्री जगतगुरु मोहन सरण देवाचार्य महाराजलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी नानीमैया बहिनी तथा अन्य । २. थानकोट : शिवरात्रिको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै श्री १००८ स्वामी भागवताचार्य महाराज साथमा ब्रह्माकुमारी राज दिदी, ब्रह्माकुमार रतन दादा, ब्रह्माकुमारी अञ्जु बहिनी तथा अन्य । ३. जनकपुर : वार्षिकोत्सव समारोहको उदघाटन गर्नुहुँदै माननीय सभासद दिपनारायण साह, ब्रह्माकुमारी गंगा माता, वरिष्ठ प्रहरी उपरीक्षक शिव लामिछाने, वरिष्ठ समाजसेवी अमरचन्द्र अनिल तथा अन्य । ४. वैरगनीया (भारत) : माननीय सभासद पवन जयसवाललाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी निर्मला बहिनी साथमा नगर प्रमुख वसिर अन्सारी तथा अन्य । ५. धादिङ्ग : तत्कालिन अर्थ मन्त्री शंकरप्रसाद कोइरालालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी नन्दा बहिनी साथमा पत्रकार महासंघ धादिङ्गका उपाध्यक्ष नवराज छत्कुली तथा अन्य । ६. वीरगंज : प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याललाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी मेनुका बहिनी साथमा अन्य । ७. राजविराज : १८ फिट ठूलो शिवलिङ्गको उद्घाटन पश्चात् ग्रुप फोटोमा पुनरावेदन अदालतका माननीय न्यायाधीश शारंगा सुवेदी, ब्रह्माकुमारी भगवती बहिनी, ब्रह्माकुमारी अञ्जु बहिनी तथा अन्य । ८. जनकपुर : शिवरात्रिको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय जिल्ला न्यायाधीश लोकेन्द्रजंग शाह, प्रमुख जिल्ला अधिकारी, ब्रह्माकुमारी गंगा माता, जनकपुर बृहत्तर विकासका अध्यक्ष रामकुमार शर्मा, पूर्व मेयर बजरंग प्र. साह, ब्रह्माकुमार जगदीश भाइ तथा अन्य । ९. भरतपुर : शिवरात्रिको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय जिल्ला न्यायाधीश अनन्तराज डुम्रे, ब्रह्माकुमारी लक्ष्मी बहिनी, सहायक प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, ब्रह्माकुमारी गंगा बहिनी, चितवन उद्योग संघका अध्यक्ष कृष्ण अधिकारी तथा अन्य । १०. इटहरी : महाशिवरात्रिको अवसरमा ब्रह्माकुमारी शारदा बहिनीलाई झण्डा हस्तान्तरण गरी शान्ति यात्राको शुभारम्भ गर्नुहुँदै पूर्व क्षेत्रीय सशस्त्र प्रहरीका डी. आई. जी. पुष्पराम केसी तथा अन्य । ११. चौघडा, हेटौडा : शिवरात्रिको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै हेटौडा उद्योग संघका अध्यक्ष ऋषिराम घिमिरे, ब्रह्माकुमारी सुशीला बहिनी, ब्रह्माकुमार विजय भाइ तथा अन्य । १२. नारायणगढ : चितवन उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरूको स्वागत तथा सम्मान कार्यक्रम पश्चात् ग्रुप फोटोमा ब्रह्मकुमारी लक्ष्मी बहिनी, ब्रह्माकुमार अर्जुन भाइ तथा अन्य ।

# ॐ शान्ति सन्देश

वर्ष १४, अंक १, २०७१, बैशाख - जेष्ठ

का. जि. द. नं ६५/०५७/०५८


## हार्दिक मङ्गलमय शुभकामना

नव उत्साह र हौसला प्रदान गर्दै हाम्रो सामु आएको नव वर्ष २०७१ को शुभ उपलक्ष्यमा सम्पूर्ण ब्रह्मावत्स तपस्वी भाइ र बहिनीहरू, यज्ञ स्नेही शुभचिन्तक महानुभावहरू तथा समस्त आत्माहरूको उत्तरोत्तर प्रगति, आध्यात्मिक उन्नति एवं सुस्वास्थ्य, दीर्घायुको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ब्रह्माकुमारी राजदिदी तथा
सम्पूर्ण दैवी परिवार

## अमृत सूची


| विषय | पृष्ठ |
|---|---|
| १. प्रेम सागरको प्रेममा रमाऔं... | २ |
| २. सूक्ष्म परिवर्तनद्वारा नयाँ... | ६ |
| ३. परमात्माको दिव्य रूप | ११ |
| ४. नव वर्षको शुभकामना (कविता) | १२ |
| ५. तीव्र पुरुषार्थका लागि... | १३ |
| ६. सत्सङ्ग श्रीखण्ड समान (चित्रकथा) | १६ |
| ७. नव वर्षको उपहार... | १८ |
| ८. बाबा मिलनका स्मृतिहरू | २१ |
| ९. चारित्रिक विकास र राजयोग... | २६ |



संरक्षक

**निर्देशक, ब्रह्माकुमारी राजदिदी**

सम्पादक

**ब्रह्माकुमार तिलक बहादुर शाही**

प्रकाशक

**ब्रह्माकुमारी राजयोग सेवा केन्द्र**

विश्व शान्ति भवन, ब्रह्माकुमारी मार्ग, ज्याठा, ठमेल, काठमाण्डौ

फोन : ४२४९०५८,४२६२३३०

E-mail : omshantisandesh@gmail.com, rajyoga@ecomail.com.np

कला निर्देशक

**प्रा. राधेश्याम मुल्मी**

मुद्रण

**शारदा प्रिन्टिङ्ग प्रेस**

न्यू प्लाजा, पुतली सडक फोन : ९८५१०६७८८४




श्रेष्ठ संस्कार र श्रेष्ठ कर्म मानव जीवनका अमूल्य निधि हुन् ।

सम्पादकीय



# प्रेम सागरको प्रेममा रमाऔं नयाँ वर्ष मनाऔं

प्रेम अपनत्वपनको त्यो आकर्षण हो जो हरेकको मनमा उत्पन्न हुन्छ । प्रेम आत्माको त्यो शाश्वत स्वाभाविक गुण हो जसले प्रसन्नता, खुशी र आनन्दको अनुभूति गराउँछ । प्रेम त्यो शक्ति हो जो चिन्तामुक्त गरी गहन शान्तिको महसुस गराउँछ। भनिन्छ प्रेमले पत्थरलाई पानी बनाउँछ, प्रेमले टुटेको दिललाई जोड्छ, प्रेमले दुई किनारालाई जोड्ने पुलको काम गर्छ । प्रेम हर प्राणीको नैसर्गिक गुण हो । प्रेम संसारका सबै प्राणीमा छ चाहे ती हिंसक हुन् वा अहिंसक । बाघ, चितुवा, सिंह जस्ता हिंसात्मक प्राणी किन न हुन् तर ती आफ्ना सन्तानका लागि आफ्नो जीवनको बाजी लगाउन पछि हट्दैनन् भने शाकाहारी प्राणीको त कुरै छोडौं ।

प्रेमको स्वभाव फरक छ, स्वरूप फरक छ अनि व्यवहार फरक छ । जसरी जिराफ आफैंले जन्माएको अबोध बच्चालाई जन्मना साथ त्यति सम्म लातले हिर्काउँछ जतिसम्म ऊ जुरुक्क उठेर आफूसँग दौडदैन। यसो गर्नु जिराफको आफ्नो बच्चा प्रति प्यार हो। होइन भने त्यो बच्चा अन्य जंगली जनावरको शिकार हुन सक्छ। पंक्षीले आफ्ना बच्चालाई ठुँगी ठुँगी भुर्र उड्न लायक बनाउँछ । त्यस्तै मानवीय जीवनमा हेर्ने हो भने एक आमाको बालक प्रतिको प्रेम, वात्सल्य र स्नेहको कतै कोहीसँग तुलना नै गर्न सकिदैन उनको अदम्य साहस, सहन र धैर्य साँच्चिकै अवर्णनीय छ ।

प्रेम संसारको धुरी हो, प्रेम संसारको आधार हो, प्रेम संसारको जग हो । संसार प्रेममय छ । प्रेम नहुँदो हो त यो संसारको कल्पना समेत गर्न सकिदैनथ्यो । प्रेम विनाको संसार सुनसान, निर्जन र बिरानो हुन्थ्यो होला अनि टिठलाग्दो, उराठलाग्दो, रुख्खा-सुख्खा उजाड मरुभूमि समान हुन्थ्यो होला । जसरी हरिलो-भरिलो बगैंचा पानीको उपस्थितिको प्रतीक हो त्यस्तै हरिलो-भरिलो जीवन प्रेमको उपस्थितिको प्रतीक हो । प्रेम व्यापक छ, बेहद छ, विशाल छ। प्रेमको महिमा र गरिमा अनन्त छ, अनुपम छ, अवर्णनीय छ । प्रेमको प्रसङ्गलाई यसरी हेर्न सकिन्छ - १. दैहिक प्रेम २.आत्मिक प्रेम ३.परमात्म प्रेम

१. **दैहिक वा भौतिक प्रेम :-** आज हामी जुन संसारमा बसेर कार्य-व्यवहार गरिरहेका छौं त्यो निश्चित पञ्च तत्वको संसार हो । यहाँ जल, वायु, अग्नि, आकाश र पृथ्वी छन् । यहाँ हामी प्राणीहरू आ-आफ्नो देह धारण गरेर अभिनय गरिरहेका छौं । सबै प्राणीको देह यिनै पञ्च तत्व वा पञ्च महाभूतको वरदान हो । यो अत्यन्त सामान्य र सर्वमान्य सिद्धान्त हो – देह विनाशी छ, मरणशील छ अनि क्षणभंगुर छ । आज हामी सबैले आफूलाई देह सम्झेका छौं, देह देखेका छौं अनि दैहिक कार्य-व्यवहार गरिरहेका छौं । हाम्रो सम्बन्ध, सम्पर्क र सहकार्य सबै देहसँग छ । जसरी देह, देहको सम्बन्ध क्षणिक, क्षणभंगुर र स्वार्थको छ त्यस्तै आजको संसारको लागि भन्ने गरिन्छ - झुटो माया, झुटो काया, झुटो सब संसार । निश्चय

नै हाम्रो प्रेम पनि झुट-मुटको छ, किन-बेचको छ अनि चमडी-दमडीको छ । यही झुटो प्रेमकै कारण आज हर व्यक्ति उदास, हतास र निराश देखिन्छ । आज प्रेम केवल दैहिक सुन्दरता र भौतिक सम्पन्नतामा सीमित भएकोले प्रेमको मिश्रित रूप, विकृत रूप, आसक्ति रूप स्पष्ट देखा पर्दैछ । आज प्रेमलाई काम विकार, काम वासना र कामासक्तिको पर्याय रूप मानिदै छ । यही विषय वासनाका अधीन, पराधीन मानव अति घृणित र निम्न स्तरको कार्य गर्न पछि पर्दैनन् । यही विषय वासनाका अधीन रहेर मानवद्वारा गरिएका कुकर्म, कुकृत्यहरूको समाचार हामी निरन्तर सुन्छौं, पढ्छौं, हेर्छौं । आज कैयौं अवलाहरू यस सुन्दर जीवनवाट विरक्त छन्, परित्यक्त छन् अनि अवहेलित छन् । आज प्रेम गर्ने व्यक्ति आफूलाई देह सम्झेर जब अरूलाई दैहिक नजरले हेर्छ तब उसको प्रेम पञ्चतत्वबाट निर्मित देहमा आसक्त हुन्छ । अनि ऊ काम वासना मात्र होइन अपितु काम-कोध-लोभ-मोह-अहंकारको जालमा नराम्ररी फस्दछ। यसैको प्रतिफल आज चारैतिर अन्याय, अत्याचार, पापाचार, दुराचार, भ्रष्टाचारले उग्र रूप लिंदै छ अनि अराजकता, उद्दण्डता, अनुशासनहीनता, चरित्रहीनताको बोलवाला छ । यसकै प्रतिफल हत्या, हिंसा, बलात्कार तीव्र रूपमा बढिरहेको छ । सारा संसार कुम्भीपाक नरक, रौरव नरक अनि विषय वैतरणी नदी समान बन्न पुगेको छ । यही हो वर्तमान समयको प्रेमको विकृत रूप, अस्वस्थ रूप अनि अशुद्धि रूप । यसकै परिणाम हर व्यक्ति दुःख-अशान्ति-चिन्ता-तनावका शिकार बन्दै छन् । यिनै विकार, विकृति र दुर्गुण कै कारण आज हामी कलह, क्लेशको कलियुगी दुनियाँमा छौं । यथार्थमा प्रेम साह्रै महान्, उच्च र पवित्र गुण हो तर यसको रूप परिवर्तन भएर आज प्रेम केवल पिर, पीडा र उत्पीडन बन्न पुगेको छ ।

२. **आत्मिक प्रेम** :- जसरी आत्मा शाश्वत छ, सत्य छ, अविनाशी छ, अमर छ त्यस्तै आत्माको प्रेम पनि अमर, अविनाशी, अविभाज्य र सत्य छ । उसको भावना विशाल, व्यापक र बेहदको हुन्छ । उसमा सबै प्रति सद्भाव, शुभभाव र कल्याण भाव रहन्छ। उसमा समदर्शी, पारदर्शी र दूरदर्शी भावना हुन्छ । उसमा पाउने इच्छा भन्दा पनि दिने इच्छा अधिक हुन्छ। ऊ भौतिक प्राप्ति, इच्छा, आकांक्षा, कामना र अपेक्षाबाट दूर रहन्छ । ऊ नाम, मान, शानको स्थितिबाट टाढा रहन्छ। उसका प्रत्येक कर्म शुभ, श्रेष्ठ र सुन्दर हुन्छन् । ऊ स्व-अनुशासित, स्वावलम्बी र मर्यादा सम्पन्न हुन्छ, ऊ गुणवान्, मूल्यवान् र दयावान् हुन्छ । आत्मिक प्रेम मानव जीवनको चमक हो, श्वास हो अनि ज्योति हो। आत्मिक प्रेम त्यो आश्चर्यजनक जादू हो जसले सबैमा आत्मिक चेतना जागृत गरिरहेको हुन्छ। उसमा अद्भुत शक्ति, साहस र सामर्थ्य निहित हुन्छ। आत्मिक प्रेम नै जीवनको सच्चा-सच्चा फाउण्डेशन हो । आत्मिक प्रेमले सबैमा भ्रातृत्वभाव, वन्धुत्वभाव र वसुधैव कुटुम्बकम् को भाव जागृत गर्छ। आत्मिक प्रेममा एक अद्भुत आकर्षण हुन्छ जसले आपसी मेल-मिलाप, पारस्परिक सहयोग र सच्चा मित्रताको सुन्दर वातावरण सिर्जित गर्दछ । आत्मिक प्रेमवाला सधैं सबैको अगाडि झुक्दछ । भनिन्छ पनि – उपकारी गुणी व्यक्ति निहुरिन्छ निरन्तर । उसलाई अरूको कमी आफ्नो कमी, अरूको गल्ती आफ्नो गल्ती र अरूको कमजोरी आफ्नो कमजोरी महसुस हुन्छ । उसलाई अरूको अवगुण, दोष, कमी-कमजोरी भन्दा उसका

क्षमता र विशेषता नै दृष्टिगोचर हुन्छन् । उसलाई अरूका काँटा जस्ता कुरा पनि फूल समान महसुस हुन्छ । उसमा विकारमुक्त, व्यसनमुक्त जीवन यापन गर्ने कला पनि यही आत्मिक प्रेमबाट जागृत हुन्छ । आत्मिक प्रेम नै यथार्थ प्रेम, वास्तविक प्रेम र सच्चा प्रेम हो । यसबाट नै सदा सुख, शान्ति, आनन्द, खुशी, शक्ति र सम्पत्तिको अनुभूति हुन्छ । ऊ देहमा रहेर पनि विदेही, शरीरमा रहेर पनि अशरीरी, कायामा रहेर पनि अकायाको अनुभव गर्छ । ऊ कर्म गर्दा-गर्दै पनि कर्मातीत, इन्द्रियमा रहेर पनि इन्द्रियातीत, देहमा रहेर पनि देहातीत हुन्छ ।

३. **परमात्म प्रेम** :– परमात्मा जसरी कल्याणकारी, मङ्गलकारी र शुभकारी हुनुहुन्छ त्यस्तै परमात्म-प्रेम बडो वेजोड छ, अनुपम छ, अद्वितीय छ अनि परमात्म-प्रेम अवर्णनीय, अतुलनीय र असाधारण छ । परमात्म-प्यार त्यो शक्ति हो जसले कस्तै निर्वल आत्मालाई शक्तिशाली बनाउँछ । परमात्म-प्यार त्यो आनन्दमय झुला हो जसमा आत्मा अतीन्द्रिय सुखको अनुभव गर्दछ । परमात्म-प्यार त्यो प्यार हो जो अनेक जन्मको दुःखलाई सेकेण्डमा समाप्त गरिदिन्छ । परमात्म-प्रेमलाई भनिन्छ – तु प्यारका सागर है तेरे एक बुंद के प्यासे हम । परमात्माको एक झलकको लागि कैयौंले त्याग, तपस्या र साधनामय जीवन बनाएका छन् भने कैयौंले जीवन नै उत्सर्ग गरेका छन् । परमात्मा सबैका साझा हुनुहुन्छ । उहाँको प्रेम पनि सबैको लागि समान छ । जसरी सूर्यको किरण सबैको घरमा समान रूपले पर्छ धनी-गरीबको भेदभाव रहँदैन त्यस्तै परमात्म-प्रेम पनि सबैकालागि निःस्वार्थ छ । परमात्म-प्रेम त्यो प्रेम हो जहाँ कुनै सर्त छैन विना सर्त सबैलाई समान पालना, पढाइ र वरदान दिनुहुन्छ । संसारका सबैका आधारमूर्त र उद्धारकर्ता स्वयम् परमात्मा नै हुनुहुन्छ । परमात्म-प्रेम एक दिन दुई दिनको लागि होइन सदाकालको लागि हो । जसरी देहको पालना लौकिक माता-पिताले गर्छन् त्यस्तै आत्माको पालना केवल परमात्माद्वारा नै हुन्छ । परमात्म-प्रेम कुनै सामान्य होइन, क्षणिक होइन यो त जन्म-जन्मान्तरको लागि हो, युग-युगान्तरको लागि हो अनि कल्प-कल्पान्तरको लागि हो । जसरी आत्मा शाश्वत छ त्यस्तै परमात्मा र परमात्म-प्रेम शाश्वत छ अनि विश्वसनीय छ । जसरी परमात्मालाई भनिन्छ – उँचा तेरा नाम, उँचा तेरा धाम, उँचा तेरा काम, उँच ते उँच भगवान् त्यस्तै परमात्म-प्रेम पनि उच्च छ, श्रेष्ठ छ, महान् छ । आत्माहरू कहिले पावन त कहिले पतित बन्छन्, कहिले प्रेम त कहिले घृणा गर्छन्, कहिले निर्विकारी त कहिले विकारी बन्छन् तर परमात्मा प्रेमका सागर, पतित-पावन र निर्विकार हुनुहुन्छ । परमात्मा प्रेमका जादू हुन्, प्रेमका चुम्बक हुन् अनि प्रेमका अजस्र स्रोत हुन् । आत्माहरू कहिले दुःखी कहिले सुखी कहिले शान्त कहिले अशान्त, कहिले प्रसन्न कहिले अप्रसन्न, कहिले मुक्त कहिले बन्धनमा हुन्छन् तर परमात्मा सुखका सागर, शान्तिका सागर, आनन्दका सागर र मुक्तेश्वर हुनुहुन्छ । आत्मालाई पतितवाट पावन, दुःखीबाट सुखी, काँटाबाट फूल, मनुष्यबाट देव बनाइदिनु सबैभन्दा ठूलो परमात्म-प्रेम हो । त्यो पनि निःसर्त, निःस्वार्थ र निःशुल्क । आत्माहरू जति-जति परमात्मा तिर उन्मुख हुँदै जान्छन् उहाँको सानिध्यमा आउँदै जान्छन् त्यति-त्यति आत्मामा परमात्माको निःस्वार्थ प्रेम प्रकट हुँदै जान्छ । परमात्म-प्रेमकै प्रतिफल आत्माहरू क्रमशः उहाँ समान बन्दै जान्छन् । आत्मामा

जतिसुकै विकार, दुर्गुण, कमी-कमजोरी किन न हुन् ती सबैलाई निकालेर गुण, विशेषता र क्षमता राखी आफूसमान बनाइदिनु सबैभन्दा ठूलो परमात्म-प्रेम हो । परमात्म-प्रेममा त्यो आकर्षण छ, जादू छ अनि शक्ति छ जसले आत्मालाई देह, देहका सम्बन्ध, देहका पदार्थलाई भुलाएर विदेही बनाइ दिन्छ । त्यो पनि घरवार र कारोवारको संन्यास होइन अपितु राजा जनक समान विदेही बनाइदिन्छ । परमात्म-प्रेम त्यो हो जसले सांसारिक अनेकौं प्रपञ्चमा डुबेका आत्मालाई आफू समान स्वतन्त्र बनाइदिन्छ, नाता-कुटुम्ब रिस्तामा रहेर पनि फरिस्ता बनाइदिन्छ अनि देऊ-देऊ भनी माग्ने भिखारी समान मानवलाई दाता-विधाता-वरदाता पूज्य देवी देवता बनाइदिन्छ । परमात्म-प्रेम त्यो प्रेम हो जो गिरेकालाई उठाइदिन्छ, कमजोरलाई बल दिन्छ, हिम्मतहीनलाई हिम्मतवान् बनाउँछ, शत्रुलाई मित्र बनाउँछ, असम्भवलाई सम्भव बनाउँछ । परमात्म-प्रेमले नै हाम्रो दृष्टि परिवर्तन गरेर नरकलाई स्वर्ग बनाइदिन्छ । मुक्ति र जीवनमुक्तिको परम पद दिलाउँछ । परमात्म-प्रेम सर्वोत्तम, सर्वश्रेष्ठ र सर्वोपरि छ ।

वर्तमान पुरुषोत्तम संगम युगमा ती अजन्मा, अकाया, अभोक्ता निराकार शिव परमात्मा साकार ब्रह्माको तनमा अवतरित भएर परमात्म-प्यार लुटाइरहनुभएको छ । ती आत्मा जसले परमात्माको सानिध्य, समीपता र साक्षात् पालना प्राप्त गरेका छन् तिनको जीवन धन्य-धन्य बनेको छ । ती सबैका लागि उदाहरण बन्दैछन् ।

अतः जो सँग स्नेह, प्यार र प्रेम हुन्छ उसको याद, सम्झना स्वतः स्वाभाविक आउँछ । परमात्म-प्रेम त अकल्पनीय छ, असोचनीय छ अनि अकथनीय छ । परमात्मा जो प्रेमका सागर हुनुहुन्छ, जसले हामी आत्मालाई निःसर्त के बाट के बनाउँदै हुनुहुन्छ के हामीलाई उहाँको याद वा सम्झना आउदैन । अवश्य आउँछ । परमात्मा हाम्रा जन्म-जन्मान्तरका अविनाशी परमपिता, परम शिक्षक, परम सद्गुरु, परम हितैषी हुनुहुन्छ उहाँको याद त आउने मात्र होइन सताउने मात्र होइन अपितु उहाँमा तल्लीन, लभलीन, विलीन र अन्तर्लीन भएको महसुस हुन्छ । आत्माको परमात्मा सँगको यही अव्यभिचारी याद नै वास्तवमा राजयोग हो । राजयोग त्यो परमात्म-प्यार हो जसले सर्व कर्मेन्द्रियजित, मायाजित, प्रकृतिजित, जगतजित बनाइदिन्छ । परमात्म-प्यार त्यो विशुद्ध प्यार हो जसबाट नर नारायण बन्छ, नारी लक्ष्मी बन्छिन्, मनुष्य देव बन्छ अनि संसार तीर्थस्थली, पुण्यस्थली र देवस्थली बन्छ ।

नव उत्साह, नव उमंग, नव जोश-जाँगर लिएर नव वर्ष जुन हाम्रो मूल द्वारमा आएको छ यसमा परिवर्तनको शंखनाद बजाउँदै, नवीनताको सन्देश दिंदै बडो भव्यता र धुमधामका साथ मनाऔं । आफ्ना दुगुर्ण, कमी-कमजोरी, दुःखदायी सोच, अशुभ सोच, व्यर्थ सोच, अशुद्ध वायुमण्डल र विघ्नहरूलाई योगअग्निमा भष्म गरी प्रेमका सागरको प्रेममा रमाऔं, साह्रै रमाइलो सँग सारा नव वर्ष मनाऔं ।

अन्त्यमा नव वर्ष २०७१ को पुनीत उपलक्ष्यमा हाम्रा सम्पूर्ण पाठकवृन्द तथा समस्त आत्माहरूको उत्तरोत्तर प्रगति समृद्धि एवं यशस्वी जीवनको मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

# सूक्ष्म परिवर्तनद्वारा नयाँ युगको आगमन

ब्रह्माकुमार रामसिंह ऐर

नयाँ वर्ष २०७१ को आगमनमा अत्यन्तै हर्ष, उल्लास र खुशीका तरङ्गहरू तरङ्गित भएका छन् । दुनियाँमा पनि मानिसहरू नयाँ वर्षको दिनलाई आपसमा शुभकामना आदान-प्रदान तथा बधाई दिंदै सुख, समृद्धि, सुस्वास्थ्य र अमन चयनको कामना गर्दै मनाउने गर्दछन् । साथै आफन्त जन मित्र सम्बन्धी तथा साथी भाइहरूको उत्तरोउत्तर प्रगति र जीवनमा प्राप्तिको समेत अपेक्षा व्यक्त गर्दछन् । चलन प्रचलनमा प्रत्येक समाज, राष्ट्रमा आ-आफ्नो मान्यता अनुसार नयाँ वर्षलाई भव्यता पूर्वक एक पर्वका रूपमा मान्ने गर्दछन् । कतिपयको मान्यता छ कि नयाँ वर्षको आरम्भको दिन खुशी, हर्ष र सुखद रूपमा मनायौं भने पूरा वर्ष नै शुभ र आरामदायी वा लाभकारी हुन्छ तसर्थ नयाँ वर्षको प्रथम दिनलाई रमाइलो र खुशीयाली सँग मनाउनु पर्दछ । यसै मान्यतामा सम्पूर्ण पाठकवृन्द तथा देश विदेशमा रहनुहुने सम्पूर्ण दिदी बहिनी दाजुभाइहरूमा नयाँ वर्ष २०७१ को हार्दिक मंगलमय शुभकामना दिन चाहन्छु तथा नयाँ वर्षले यहाँहरूलाई नयाँ युगसम्म पुग्ने हैसियत प्राप्त हुन सकोस् । परमात्म-ज्ञानले जीवनमा नयाँ जागृतिका साथ अलौकिक परिवर्तन समेत हुन सकोस् भन्ने शुभेच्छा समेत व्यक्त गर्दछु ।



सामान्य रूपमा नयाँ वर्ष मनाउनु खासै ठूलो कुरा होइन प्रत्येक वर्षको प्रचलन अनुसार मनाउँदै आएको कुरा मनाइयो ठीक छ । तर नयाँ वर्षले के नवीनताको बोध गरायो । अथवा कुन नवीनता जीवनमा प्राप्त भयो । कुन त्यस्तो नयाँ परिवर्तन जीवनमा ल्याउनु भयो जसले गर्दा तपाईंको भविष्य महान् बन्दैछ र वर्तमानमा त्यसले खुशी र आनन्दको अनुभूति गराइरहेको छ । यस विषयमा कति सजग र सचेत भएर नवीनताको अनुभूति गरिरहनुभएको छ । यो वास्तवमा अत्यन्तै गहन र महत्वपूर्ण पक्ष हो । यसका लागि व्यक्ति बाहिरी परिवर्तन र नवीनता भन्दा पनि आन्तरिक सूक्ष्म परिवर्तन प्रति बढी केन्द्रित हुनुपर्ने छ । किनकि बाह्य परिवर्तनको मजबुत आधार नै भित्रि परिवर्तन हो । अब कुन चाहिँ भित्री परिवर्तन गर्नु जरुरी छ जसबाट समग्र संसारको आमूल परिवर्तन होस् । यस विषयमा नै हामी मनन चिन्तन गर्ने छौं । प्रथम मान्यता (Belief System) जीवन र जगत प्रतिको नै परिवर्तन हुनु जुरुरी छ किनकि मानिसलाई युगौं देखि यस मान्यताले प्रभावित गरेको छ कि जीवन माथि संसारमा सुख-दुःख साथ साथै हुन्छन् । कुनै पनि काल-खण्ड यस्तो थिएन जति खेर मानवको जीवनमा दुःख अशान्ति थिएन र समाजमा द्वन्द्व र झगडा थिएन, न त यस्तो समय नै हुनेछ । यस्ता कुराबाट समाज पूर्ण रूपमा मुक्त रहने छ । यस्तो

मान्यता बाट प्रभावित मनस्थितिले पूर्ण सुखद द्वन्द्वरहित समाजको परिकल्पना नै गर्न सक्दैन । यदि कसैले यस्तो **समाजसेवा** परापूर्व कालमा थियो र पुनः यसलाई पुनस्थापित गर्न सकिने सिद्धान्तलाई अगाडि सार्देछ भन्ने विश्वास गर्न नै मुश्किल हुन्छ । अतः यस मान्यतामा परिवर्तन न आए सम्म नयाँ युग निर्माणका लागि मानिस हौसला र उत्प्रेरणाका साथ जागरुक हुन सक्दैन । त्यसैले यस वास्तविकताको स्पष्ट ज्ञान हुनु जरुरी छ कि संसारको प्रथम चरण जतिखेर सत्ययुग र त्रेतायुग थियो त्यत्ति बेला मानव जीवन पूर्ण रूपमा जीवन पर्यन्त सबै प्रकारका रोग, शोक र अभावबाट मुक्त थियो । प्रकृतिमा समेत कुनै प्रकारको अनिष्ट वा प्रकोप थिएन । प्राणी वनस्पती र प्रकृतिका बीच पूर्णरूपमा तारतम्य (Harmony) थियो । यहाँ सम्म कि कसैको अकाल वा अल्पायुमा कुनै पनि कारणले मृत्यु हुँदैनथ्यो । जीवनको दीर्घ आयु पछि म चेतन शक्ति आत्माले यो पुरानो चोला वस्त्र फेर्दैछु र नयाँ शरीर धारण गर्न जादैछु भने साक्षात्कार समेत हुन्थ्यो । यो बखान कल्पनाको सपना होइन वास्तविकता हो । यस्तो युग थियो र पुनः महाभारी महाविनाश अथवा महापरिवर्तन पछि त्यसैको पुनरावृत्ति हुँदैछ । अतः दुःख र सुख जुनसुकै युगमा पनि साथसाथै हुन्छन् भन्ने मान्यता र विश्वासलाई छोडौं । एक सुखद चिरस्थायी संसार निर्माणको कार्यमा जुटौं ।

अर्को कुरा मानव प्राणी भित्र आसुरी गुण र दैवी गुण दुवै विद्यमान हुन्छन् । सारा कल्प कल्पान्तर यिनीहरू बीचमा द्वन्द्व चलिरहन्छ । मानव पूर्णरूपमा विकार र विकृतिको कुचक्रबाट मुक्त हुन सक्दैन । कहिले कुनै बढी र कुनै घटी हुने मात्रै हो भन्ने सोच पनि आफै सत्य होइन । प्रथम काल खण्डमा मानव आत्मा जब देव आत्मा थियो त्यति बेला उनीहरूमा संकल्प र स्वप्न मात्र सम्म पनि विकार र विकृतिको छनक सम्म पनि थिएन । उनीहरू पूर्ण रूपमा यस्ता कमजोरीबाट अनजान थिए । कालान्तरमा ती दैवी गुण, स्वभाव माथि आएको ह्रासका कारण दैवी गुण र आसुरी गुणबाट मिश्रित जीवन हुन पुग्यो । धेरै यता कलियुगको अन्तकालमा आइपुग्दा आसुरी अवगुण र विकारको विगविगी बढेर तिनीहरूको जीवन बढी प्रभाव पर्न गयो । त्यसैले वर्तमान अवस्थाको विश्लेषण र व्याख्याका आधारमा मानव आत्माको मौलिक गुण र स्वभावलाई अवमूल्यन गर्न वा नकार्न मिल्दैन । सत्य ज्ञानको प्रकाश तथा सर्व श्रेष्ठ राजयोग साधनाबाट पुनः आत्माका शाश्वत मूल्य र गुणहरूलाई सक्रिय र सशक्त गर्न सकिन्छ । तथा मानव आफ्ना इन्द्रिय, कर्मेन्द्रिय र मन बुद्धि संस्कारको मालिक बन्न सक्दछ । यस सत्य प्रति सबैले गहन मनन चिन्तन गर्नु जरुरी छ । तब मात्रै सूक्ष्म आन्तरिक परिवर्तन गर्न सकिनेछ ।

वास्तवमा मानव जीवनमा आइपर्ने बाधा, व्यवधान, समस्या, दुःख, कष्ट, रोग, शोक जेजस्ता पनि अप्ठ्यारा छन् त्यसको जिम्मेवार व्यक्ति स्वयम् नै हो । उसको जीवनमा हुने गरेको सुख, शान्ति उपलव्धि मान इज्जत सबैवाट सहयोग स्नेह पनि उसको आफ्नै कर्मको फल हो, उसको आफ्नै कमाई हो । वर्तमान जीवनको अवस्था उसको विगतको परिणाम हो भने भविष्य उसको वर्तमानको छायाँ हो । अतः दूर द्रष्टा भएर हेर्दा कसैलाई दोष दिन वा कसैको कृपा हो भन्ने प्रश्न उठ्दैन । यो एक अकाट्य कर्म दर्शन हो । भौतिक दृष्टिकोणमा मात्रै सीमित भएको मानवलाई यो सत्य स्वीकार्न असहज हुन्छ होला तर आध्यात्मिक आँखाले हेर्दा उल्लेखित भनाइ शतप्रतिशत सत्य हो । यस तथ्यलाई दुईवटा छुट्टाछुट्टै कथावस्तु बाट पुस्ट्याइँ गर्नु उचित लाग्दछ ।

धर्म-श्रेष्ठ, आजीवन बालब्रह्मचारी,

सम्पूर्ण विद्याका ज्ञाता, इच्छा मरणका वरदानी भीष्मपितामहको अन्तिम मरण अत्यन्तै दर्दनाक, वाणका तीखा-तीखा शैय्या का बीच लहुलुहान रूप प्राणान्त भएको थियो। यो दर्दनाक दृश्य प्रति खेद व्यक्त गर्दै द्रौपदीले जिज्ञासापूर्वक पितामह सँग प्रश्न गरिन् पितामह ! हजुर जस्तो धर्म धरोहरको यस्तो दशा किन। उत्तरमा भीष्मपितामहले भन्छन् द्रौपदी यसमा कसैको दोष छैन यो मेरै कर्मको प्रतिफल हो। पितामहले भन्नुभयो पूर्व जन्ममा पनि म एक पराक्रमी राजा थिएँ एक दिन बिहान रथबाट बाहिर निस्किदा बाटोमा ठूलो सर्प थियो। रथले कुल्चेर मर्ला भन्ने सोची उसलाई मैले आफ्नो बाणले अलिपर डिलबाट तल झारिदिएको थिएँ। संयोग वश त्यो सर्प नागफनीका तीखा काडामा अल्झेर तडपी तडपी पछि मृत्युलाई प्राप्त गरेछ। अनजानमा मेरो हातबाट भएको त्यसै कर्मको हिसाबकिताब म यस हालमा चुक्तु गरिरहेको छु। यसमा अर्जुनको दोष छैन यो त एउटा कारण मात्र हो बाँकी मेरै कर्मको प्रतिफल हो। यद्यपि कथावस्तु पौराणिक कुरा हो तर यसले प्रत्येक व्यक्तिले कर्म अनुसारको फल भने भोग्नु नै पर्ने हुन्छ भन्ने सत्यतालाई पुष्टि दिन्छ।

अर्को एउटा कथा छ कि एउटा राजाका तीनवटी राजकुमारीहरू थिए। राजाले उनीहरूलाई अत्यन्तै लाडप्यारले पालन-पोषण गरेका थिए। सबै प्रकारको सुख शयल दिएका थिए। तर ती राजा उनीहरूलाई आफूले गरेको र दिएको सुविधाको वर्णन गर्दै भन्ने गर्दथे कि राजकुमारीहरू कसले दिएको खाँदैछौ लगाउदैछौ आदि। प्रतिउत्तरमा जेठी र माइलीले पिताश्री हजुरले गर्दा नै हामी यी सबै सुख-सुविधा उपभोग गरिरहेका छौं हजुर विना कहाँबाट यस्तो सुख-सुविधाको उपयोग गर्न पाउथ्यौं भन्ने जवाफ दिन्थे, तर कान्छी राजकुमारीले भिन्नै प्रकारको जवाफ दिइन् पिताश्री म तपाईंको सम्पत्ति होइन आफ्नो भाग्यको र कमाईको सम्पत्ति खाँदैछु। राजा सारै अहंकारी थिए उनको दिलमा ठूलो चोट लाग्यो। उनले तुरुन्तै राजकुमारीलाई दरवारबाट निकाला गरी एउटा कुष्ठ रोगी गरीबको जिम्मा लगाएर भने आजदेखि तिम्रो श्रीमान् यही व्यक्ति हो। यसै सँग आफ्नो भाग्यको कुरा खानु। साहस, दृढमनोबल र स्वगौरवकी धनी ती राजकुमारीले पिताजीको त्यस्तो निर्दयी निर्णयलाई स्वीकार गरिन् र कुष्ठ रोगी आफ्नो श्रीमान्लाई एउटा गाडामा बोक्दै दुःखजीलो गरी जीवन यापन गर्न लागिन्। आफ्नो श्रीमान्लाई घुमाउँदै फिराउँदै अर्कै राज्यका एउटा पवित्र पोखरीमा राजकुमारीले श्रीमान्लाई नुहाउन मात्रै के थालेकी थिइन् संयोग त्यसको जलबाट त्यो कुष्ठरोगी कुरूप व्यक्ति सुन्दर राजकुमार बनेछ न भन्दै त्यस मुलुकमा राजारानीको अभाव रहेछ। तुरुन्तै ती राजकुमार र राजकुमारीलाई राजदरवारमा लगी राज्यारोहण गरिएछ। उचित मुहूर्तमा ती राजारानीको राज्याभिषेकको घोषणा भएछ। सबै छिमेकी राजाहरूलाई निमन्त्रणा गरिएछ न भन्दै ती राजकुमारीका पिता पनि छिमेकी राजाका रूपमा त्यस समारोहमा सामेल भएछन्। हेर्छन् त महारानी आफ्नै छोरी जसलाई गरीब कुष्ठरोगीको हवाला गरेका थिए। राजकुमारी (महारानी)ले भनिछन महाराज आज पनि आफ्नै भाग्यको खाइरहेकी छु। अर्थात् मानिसको भाग्य निर्माणको आधार उसको कर्म हो। त्यसको फल चाडो वा ढीलो हुन्छ तर त्यो अकाट्य र अमीट हुन्छ। अतः सत्कर्म गरौं पुण्य कर्म गरौं। सुख दिने कर्म गरौं। कसैलाई चोट पुऱ्याउने कर्म मनसा, वाचा, कर्मणामा विकर्म नगरौं। कर्म नै मानिसका सच्चा मित्र र महान् दुश्मन हुन्। कृपा र दोषको मानसिकतालाई अन्त गरौं।


हामीले नयाँ युगको सपना (Vision)

देखेका छौं परमात्मा पिता ज्ञान सागरबाट जुन दिव्य बुद्धि प्राप्त भएको छ तद्अनुसार निकट भविष्यमा नै पुरानो दुनियाँको विलय र नयाँ दुनियाँको अभ्युदय हुँदैछ । यो भावी असम्भावी हो, यसलाई कसैले पनि टाल्न सक्दैन । अनादि सृष्टिको संरचना अनुसार यो कुरा आफ्नो समयमा हुन्छ नै । तर त्यो भन्दा पूर्व धेरै शुभअवसर हामी मानव आत्मालाई पुरुषार्थ गर्न वरदानका रूपमा प्राप्त भएको छ त्यसको पूर्ण सदुपयोग गर्नु नै महान् बुद्धिमानी हुनेछ। नयाँ युगको सुखद आगमनका लागि तपाईं हामीले आफूभित्र सूक्ष्म परिवर्तन गर्नु जरुरी छ। मूलतः देह अभिमान (Body Consciousness) को कडा संस्कारलाई अन्तरमुखताको गुफामा बसेर पुनः अभ्यास गरी आत्मअभिमानी (Soul Consciousness) स्थितिलाई प्राप्त गर्नु जरुरी छ। यो अति सूक्ष्म कुरा हो। यसमा पूरा दिलोज्यानले पुरुषार्थ गर्नुपर्दछ । भइहाल्छ नि भन्ने सरल बोल बोल्यौ वा त्यसलाई हलुका रूपमा लिदा अन्तमा धोका हुनेछ । साथै मानिसको दैनिक जीवनमा प्रभाव पार्ने उसको संस्कार नै हो जो वास्तवमा लुकेको शक्तिशाली अन्तरधारा (hidden but powerful under current) का रूपमा रहन्छ त्यसले हामीलाई न चाहँदा नचाहदै पनि आफूतिर डोऱ्याउने गर्दछ । अतः यसको सूक्ष्म अंशलाई समेत समाप्त गर्न एकान्तवासी बनेर गहन तपस्या वा ज्वालामुखी योगको अभ्यास गर्नु जरुरी छ । ईश्वरीय वा spiritual student को लागि अन्य विषय पनि त्यत्तिकै आवश्यक छन् तर जहाँ सम्म संसारको सूक्ष्म परिवर्तनको सवाल छ। त्यसका लागि भने सच्चा दिल र लगनशील भएर अशरीरी बनी एक पतित पावन परमात्माको यादको गहिराइमा डुब्नै पर्दछ। तथा योगाग्निबाट ती सूक्ष्म कमजोर संस्कारलाई भष्मिभूत गर्नु नै पर्दछ। अनि मात्रै आत्मा चम्किलो हीरा समान बन्ने छ। तथा आफ्नो मूल गुण स्वभाव र धर्मलाई प्राप्त गर्नेछ । समयको अन्तिम संघारमा सबै तर्फबाट अनेक प्रकारका समस्या, परिस्थिति घटना र विपत्तिको पहाड नै भरिरहेको अवस्था छ। तर यी सबैका बीचमा पनि स्वयम्लाई, सेवास्थानलाई र संगी साथीलाई निर्विघ्न स्थितिमा राख्ने महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने छ अर्थात् यस महान् जिम्मेवारीलाई दृढमनोबल, स्थिर स्थितिका साथ पूरा गर्नु छ । यसका लागि स्वयम् भित्र अथाह आध्यात्मिक शक्ति संचित गर्नु जरुरी छ अन्यथा बाह्य जगतमा देखा परेका नकारात्मक परिस्थितिले प्रभावित गरी आफ्नै स्थितिलाई डामाडोल गरी निर्विघ्न भन्दा पनि विघ्न रूपमा परिवर्तन गरिदिने छ । अतः स्वपुरुषार्थमा लागेका राजयोगीहरूले खास र अन्य सबैको धैर्य, सहनशीलता र स्वच्छ विवेकको प्रयोग गर्नुपर्ने बेला छ । किनकि यस बेलामा अनेकौं अवगुण गल्ती र सोच्दै न सोचेका घटनाका दृश्यहरू हामी सामु उपस्थित हुने छन् तर ती सबैलाई हेर्दा हेर्दै, सम्भना दिंदादिंदै पनि साक्षी द्रष्टा कती पनि प्रभावमा आउनु छैन । सबै प्रति शुभभावना, शुभकामना र कल्याणकारी भावना दया र रहमको भावना राखी आफूले संचित गरेको योगबलबाट सकाश दिन सक्नु पर्नेछ । न्यारा र प्यारा पनको सिंहासनमा बस्नुपर्ने छ । आक्रोश, आवेश, आलोचना र वैरभावमा कदाचित् आउनु छैन । न त कसै प्रति घृणा, नफरत र ईर्ष्याभाव नै राख्नु छ। कसैले आफू प्रति अभद्र, असभ्य र दुःखदायी व्यवहार गरेको छ तापनि विश्व कल्याणकारी, दया र क्षमाको मास्टर दाता आत्माका नाताले सबै प्रति शुभ सोच, कुशल व्यवहार नै गर्नुपर्छ । मनमा समेत उसको पूर्ण भलाई होस् भन्ने कामना गर्नुपर्दछ । यो नै हो सूक्ष्म रूपमा गरिने परिवर्तन। आफू भित्रको यस्तो

महान् परिवर्तन नै युग परिवर्तनको सशक्त आधार बन्ने छ ।

परिवर्तन ठूला ठूला नारा र स्वर सरावाले मात्रै हुँदैन न त बहस र वार्ताले मात्रै सम्भव छ । यस्ता अभ्यास धेरै लामो समयदेखि चल्दै आएका छन् गरिदै आएका छन् तर परिवर्तनको परिणाम भने झन् झन् जटिल हुँदै गइरहेको तथ्य सबै सामु विद्यमान छ । अब अरूलाई परिवर्तन गर्ने शिक्षा र उपदेश दिनुभन्दा पनि स्वयम् परिवर्तनको ज्वलन्त उदाहरण र नमूना बन्नु जरुरी छ । यदि स्वयम् लाई सकारात्मक परिवर्तनको आकर्षक नमूना बनायौं भने वकालत गर्नु आवश्यकता नै पर्दैन । तसर्थ अरूको Teacher बन्नुभन्दा पनि स्वयम्को स्वयम् teacher बनेर स्वपरिवर्तन गर्नाले नै विश्व परिवर्तन वा युग परिवर्तन गर्न सहज हुनेछ । अरू परिवर्तन होउन् वा न होउन् त्यसको चिन्ता छोडेर स्वपरिवर्तनको धुनमा पक्का रहने व्यक्ति नै परिवर्तनको सशक्त सम्वाहक बन्ने कुरामा दुईमत हुन सक्दैन ।

अबका दिनहरूमा यस संसारमा कुनै पनि सांसारिक इच्छा राख्नु जरुरी छैन । किनकि सांसारिक इच्छाको कुनै सीमारेखा छैन । आवश्यकता परिपूर्ति गर्नु एउटा पक्ष हो तर इच्छा आकांक्षाको घोडा चढ्नु अर्को पक्ष हो । अनासक्त भावले वस्तु वैभवको प्रयोग गर्नु छ तर त्यसमा आसक्त हुनु छैन । अनासक्त भावको टेकनिकको प्रयोग गर्ने व्यक्ति नै सन्तुष्ट र तृप्त हुन्छ अझ ईश्वरीय ज्ञान र योगबाट परमात्माको सम्पूर्ण ईश्वरीय सम्पत्तिले आफूलाई भरपूर गर्न सफल व्यक्ति सदा इच्छा मात्रम् अविद्याको अनुभव गर्दछ । उसको मनमा यही गीत गुन्जि रहन्छ कि जो पाउनु थियो पाइसकें अब केही बाँकी छैन, यस प्रकारको अलौकिक नशामा, बेफिक बादशाह बनेर रहन्छ । अर्थात् उसको स्थिति मग्न, मस्त र प्राप्ति स्वरूपको हुन्छ । यस प्रकारको ज्ञान र योगको नशामा रहने व्यक्ति नै सबैलाई दाता बनी सुख, शान्ति, खुशी, स्नेह र सम्मानको योगदान दिन सक्दछ । उसले अरूबाट पाउने इच्छा कदाचित् राख्दैन बरु आफू दाता बनेर निरन्तर दिने काम गर्दछ । अतः यस्तो प्रकारको महान् परिवर्तन नै नयाँ युगको आगमनमा महत्वपूर्ण सहयोग दिन सक्दछ । वास्तवमा वर्तमान विश्व परिवेशमा देखा परेको अशान्ति द्वन्द्व, वैमनश्य, सम्बन्धमा कटुता, अत्याचार, अविश्वास आदि कसैले पनि चाहेका छैनन् । यसको आमूल परिवर्तन सबैको मूल र साझा चाहना बनेको छ । सबैले एक सुखद भयरहित, अभावरहित शान्त र समृद्ध दुनियाँ चाहेका छन् तर त्यस चाहनालाई साकार रूप दिन प्रत्येक व्यक्तिले आफू भित्र नै सूक्ष्मरूपमा दिगो परिवर्तन गर्नु जरुरी छ । विचार, भावना र दृष्टिकोणमा आएको शुद्धपरिवर्तनले नै बाह्य परिस्थिति घटना र वातावरणको परिवर्तन सम्भव हुन्छ यदि भित्री रूपमा परिवर्तन हुँदैन भने बाह्यरूपको स्थूल परिवर्तन केवल क्षणिक मात्रै हुनेछ । पुनः आफ्नो विकराल रूपलाई प्राप्त गर्नेछ । अतः युग परिवर्तनका लागि समयले प्रत्येक नरनारी सँग सूक्ष्म परिवर्तनको अपेक्षा राखेको छ । यस यथार्थता र गम्भीरतालाई राम्ररी बुझेर स्वयम्को सूक्ष्म परिवर्तनमा आफ्नो संकल्प, श्वास र शक्तिको प्रयोग गरौं । यसमा कत्ति पनि विलम्ब नगरौं किनकि संगमयुगको सेकेण्ड र मिनटको पनि अरू युगको वर्षौको बराबरको मूल्य राख्दछ । मनको शुद्धिबाट तनको शुद्धि, व्यवहार र कर्मको शुद्धि, वातावरण तथा जगतको शुद्धि अन्तमा समग्र युगको नै शुद्धि । त्यसैले नव वर्षको आगमन सँगै प्रत्येक व्यक्तिमा सूक्ष्म रूपमा नयाँ परिवर्तन आई नवयुगको आगमन होस् भन्ने मंगलमय शुभकामना ।



# परमात्माको दिव्य रूप

प्रा. गोपीकृष्ण शर्मा, ज्ञानेश्वर

परमपिता शिव परमात्माले संगम युगमा मानव तनमा प्रवेश गरेर पहिले व्यक्त र पछि अव्यक्त रूपमा अठहत्तर वर्षदेखि गीता-ज्ञान सुनाउँदै हुनुहुन्छ । गीताको मुख्य विषय परमात्माको स्वरूपको परिचय दिनु हो । किनभने जबसम्म मनुष्यलाई परमात्माको रूपको ज्ञान हुँदैन तबसम्म ऊ योगयुक्त हुन सक्दैन । योगी बन्नका लागि परमात्माको स्वरूपको ज्ञान आवश्यक हुन्छ । परमात्माले आफ्नो सही परिचय दिनका लागि मानव तनमा अवतरण गर्नुहुन्छ । उहाँले नै आफ्नो परिचय दिनुहुन्छ । कुनै पनि मानिसले आफ्ना इन्द्रियहरूको साधनाद्वारा न परमात्मालाई जान्न सक्दछ, न त खोज्न वा छानबिन नै गर्न सक्छ ।

भगवान्को यथार्थ रूपलाई ऋषि-मुनि, देवता कसैले पनि जान्न सक्दैनन् । भगवान्ले गीता-ज्ञानमा स्पष्ट भन्नुभएको छ -" हे वत्स, संसारमा मलाई कसैले पनि जान्न सक्दैन । अतः म स्वयम् नै आएर आफ्नो परिचय दिन्छु ।"

परमात्मा एक हुनुहुन्छ र आत्माहरू अनेक छन्, धेरै छन् । अन्य आत्माहरूको तुलनामा ज्ञान, शान्ति, आनन्द, प्रेम, शक्ति आदिका दृष्टिले उत्तम हुनाको कारणले गर्दा परमात्मालाई परम आत्मा र पुरुषोत्तम भनिएको हो । यथार्थमा आत्माहरू अनेक छन् र तिनको आ-आफ्नो अस्तित्व पनि अनादि, अविनाशी र नित्य छ । परमात्मा भने यी आत्माहरू भन्दा अलग र विशिष्ट हुनुहुन्छ । त्यसो हुनाले परमात्मालाई एक, अनुपमेय र उत्तम मानिएको छ । यसबाट के स्पष्ट हुन्छ भने परमात्मा सर्वव्यापक हुनुहुन्न । उहाँ अनादि, अविनाशी र एक हुनुहुन्छ ।

परमात्माको परिचयका सम्बन्धमा स्वयम् भगवान्ले गीतामा भन्नुभएको छ - "मेरो रूप अणुभन्दा सूक्ष्म छ, अचिन्त्य छ र सूर्यवर्ण ज्योति स्वरूप छ ।" यसबाट स्पष्ट हुन्छ भगवान् परमात्मा आत्माहरू जस्तै ज्योतिर्बिन्दु स्वरूप हुनुहुन्छ । त्यसो हुनाले उहाँलाई अचिन्त्य र अणुभन्दा पनि सूक्ष्म भनिएको हो । गुणका दृष्टिले उहाँ महान् हुनुहुन्छ तर परिमाणमा उहाँ सूक्ष्मातिसूक्ष्म भन्दा पनि सूक्ष्म हुनुहुन्छ । परमात्माको यही रूपको बृहत् प्रतिमा शिवलिङ्गका रूपमा मन्दिरहरूमा पूजा गरिन्छ ।


परमात्माको ज्योतिर्बिन्दु स्वरूप आत्मिक हो, कायिक वा शारीरिक होइन । त्यसो हुनाले परमात्मालाई आँखा नभए पनि देख्ने, कान नभए पनि सुन्ने अनि पाउ नभए पनि हिड्ने भनिएको हो । परमात्माको यो रूप स्त्री वा पुरुष कुनै पनि होइन । त्यसैले 'ज्योतिर्लिङ्ग' भनिएको छ । लिङ्गको अर्थ हुन्छ चिह्न वा प्रतिमा । त्यसैले ज्योतिस्वरूप भनिएको हो ।

परमात्मा निराकार भएकाले अशरीरी हुनुहुन्छ । उहाँको शरीर छैन । यहाँ निराकारको अर्थ आकार नै नभएको भन्ने होइन । साकार वा देवाकार होइन भनिएको हो । जस्तो कि रेखागणितमा बिन्दुको कुनै माप हुँदैन । आयताकार, वर्गाकार वा वृत्ताकार केही रहँदैन । त्यसैले गणितमा बिन्दुलाई निराकार भनिएजस्तै परमात्मालाई पनि निराकार भन्नु उपयुक्त हुन्छ । धर्मग्लानिका समयमा मानव तनमा संनिवेश भएर साकार भए जस्तो प्रतीत

**बाँकी अंश पेज १५ मा...**

# नववर्षको शुभकामना

रामकाजी भाइ
सिमरा, बारा



नयाँ वर्षमा नयाँ हर्ष अनि, नयाँ उमङ्ग बोकेर ।
नयाँ सत्मार्गमा पाइला चालौं, पुरानो सोच बदलिएर ।
नयाँ विश्व निर्माणमा जुटौं, विश्व एउटै परिवार भएर ।
नयाँ जीवन ज्युने अब, परमात्मा यादमा रमाएर ।

भइरहेछ शिव अवतरण, विकारले मलिन आत्माहरू धुन ।
खोलिएका छन् चौतर्फी ईश्वरीय विश्व विद्यालय, मानवलाई देउता बनाउन ।
लाखौंको जिवन समर्पित छ, परमात्माको शुभ कार्यलाई सगाउन ।
भगवान् वाचा बोलिरहेछन् ब्रह्माकुमारी दिदिहरू, छिट्टै अब नयाँ विश्व ल्याउन ।

त्यसैले यी दैवी बहिनीहरूले हिँडेको सत्मार्गमा, हामीले पाइला चालौं ।
देहको भानबाट आएको मनमुटाव, आजै देखी सबैले फालौं ।
अलौकिक खुशीको सुन्दर दिपक, आफ्नै दिलभित्र जलाऔं ।
धार्मिक सहिष्णुता र एकताको ज्योतिले, विश्व झलमल बनाउन ।

मानेपछि शिव श्रीमत सम्पूर्ण मानवले, विश्व सुखमय हुन्छ ।
आपसी स्नेह र ममताका छालहरु, हृदयमा सबैको छछल्कीन्छ ।
आत्मिक प्यारको तेजिलो प्रकाश, हाम्रै चेहरामा झल्किन्छ ।
लाइट र माइटको पवित्र ताज, मानव मुहारमा चम्किन्छ ।

स्व परिवर्तनद्वारा नै सीघ्र पूरा हुँदै छ, देउता बन्ने हाम्रो दृढ चाहना ।
त्यो पवित्र रामराज्यमा रावणको हामीले, पर्दैन गर्नु सामना ।
बग्दछ सधैं प्रेमको गंगा प्राणीहरूको दिलमा, बन्दछ श्रेष्ठ भावना ।
नयाँ त्यो दैविक दुनियाँमा जाने देउताहरुलाई, नव वर्षको शुभकामना !
शुभकामना !! शुभकामना !!


युक्तियुक्त बोल ती हुन् जो मधुर र शुभभावना सम्पन्न हुन्छन् ।



# तीव्र पुरुषार्थका लागि सहज साधन – पोतामेल

ब्र. कु. भगवान भाइ, माउण्ट आबू, राजस्थान

मानवलाई देव समान र यस रौरव नरकलाई स्वर्ग बनाउने अद्‌भुत कार्यलाई अघि बढाउदै ज्ञानसागर परमपिता शिव परमात्माले हामी पतित आत्माहरूलाई ज्ञान, गुण र शक्तिमा आफू समान बनाउनको लागि एवं पतित दुनियाँलाई पावन सुखधाम बनाउनको लागि सधैं हामी माथि ज्ञानको वर्षा गर्दै आइरहनुभएको छ ।

बाबा ज्ञान मात्र दिनुहुन्न अपितु त्यसको साथ-साथै त्यस ज्ञानलाई हाम्रो जीवनमा समाहित गरेर ज्ञान स्वरूप बनाउनको लागि अनेक प्रकारका सहज युक्तिहरू पनि सम्झाउँदै रहनुहुन्छ ।

यी अनेक युक्तिहरूमध्ये एक सहज युक्तिलाई हामीले सधैंको दिनचर्यामा प्रयोगमा ल्यायौं भने हाम्रो जीवन सर्व कमजोरी बाट मुक्त र सर्व ईश्वरीय खजाना बाट भरपूर मालामाल हुनमा कुनै संशय रहदैन । त्यति मात्र होइन असम्भवलाई पनि सम्भव बनाउने जादू मन्त्र यस युक्तिमा लुकेको हुन्छ ।

यो युक्ति यस प्रकार छ – प्यारा बच्चाहरू निरन्तर प्रगति विवरण राख, सधैं पोतामेल राख, यादको यात्राको चार्ट राख ।

जब हामी इतिहासको पानालाई पल्टाउँछौ तब हामीलाई यो कुरा सहजै जानकारी हुन्छ कि जो पनि महापुरुष इतिहासमा आफ्नो नाम अमर गरेर गए वा एक साधारण गरीब परिवारमा जन्म लिएर अनेक प्रकारका कठिन परिस्थितिलाई पार गर्दै राष्ट्र नेता, महान् वैज्ञानिक वा विश्वका एक विशेष व्यक्ति बनेर अनेकौंका सामुन्ने उदाहरण स्वरूप वा आदर्श बनेका छन् ती सबै महापुरुषको एक विशेषता वा उनको यशस्वी जीवनको रहस्य थियो, उनीहरू आफ्नो दैनिक प्रगति विवरण राख्थे, चार्ट लेख्थे वा पोतामेल राख्थे । चाहे गुण वा शक्तिको किन नहोस् तर पनि हर दिनको दिनचर्या, घटना-देखे सुनेको विषयको संग्रह, सम्बन्ध सम्पर्कमा आउने व्यक्तिको विशेषता ऐतिहासिक स्थानको वर्णन आदि आदि ।

यदि यी विशेष व्यक्तिमा दैनिक दिनचर्या लेख्ने बानी नहुँदो हो त ?... आज हामी महात्मा गान्धीको सुप्रसिद्ध ग्रन्थ Experiments with Truth वा जवाहरलाल नेहरू को Discovery of India जस्ता अमूल्य ग्रन्थको अध्ययन गर्नबाट वञ्चित रहन्थ्यौं ।

सर अल्बर्ट आइन्स्टाइन, म्याडम क्यूरी, माइकल फ्यारडे आदि जस्ता महान् बैज्ञानिकहरूले पनि आफ्नो संशोधनको दिन प्रतिदिनको प्रगतिको दिनचर्याको रूपमा लेख्दै आफ्नो लक्ष्य सम्म पुगे र वैज्ञानिक क्षेत्रमा दिग्गज बने ।

विद्यार्थीहरूमा पनि अगाडि त्यही जान सक्छ जो दैनिक पढाइको सार लेखेर त्यसको मनन-चिन्तन गर्छ । समाजमा पनि त्यही परिवार सुख, शान्ति र सन्तुष्टिले रहन सक्छ जसमा आमा सधैं आयव्ययको पोतामेल

राख्छिन् । यस पोतामेलद्वारा नै त्यो जम्माको खाता बढ्छ ताकि आपद-विपदमा परिवारको सन्तुलन कायम रहन सक्छ ।

व्यापारीमा पनि उन्नति त्यही प्राप्त गर्न सक्छ जो आफ्नो आयव्ययको पोतामेलद्वारा बजारको सधैंको उतार चढावको राम्ररी जानेर आफ्नो कमाईलाई बढाउँछ र ग्राहकलाई पनि सन्तुष्ट राख्छ ।

प्रसिद्ध चिकित्सकमा पनि यही विशेषता हुन्छ। ती आफ्ना रोगीको चिकित्साको पोतामेल राख्छन् । रोगीको रोगको लक्षण के छ, औषधी कुन प्रकारको चलिरहेको छ । त्यो कुरा पोतामेलद्वारा केही दिनमा नै उनलाई रोगीको जाँच गर्न स्पष्ट हुन्छ । यसबाट चिकित्साको विधि पनि सरल हुन जान्छ ।

यस समाजका कुनै पनि वर्गका व्यक्ति हुन् त्यसको लागि अगाडि बढ्ने, लक्ष्यमा पुग्ने सबैभन्दा सहज साधन यही हो । दैनिक प्रगति विवरण वा चार्ट लेख्नु, पोतामेल राख्नु ।

भगवान्‌द्वारा वरदानको रूपमा मिलेको यस योगी जीवनमा पनि अगाडि बढ्ने र लक्ष्यमा पुग्ने साधन यही हो ।

ज्ञानका सागर शिव पिताले के कुरा स्पष्ट गर्नुभएको छ भने यो हाम्रो अन्तिम जन्म जर्जर अवस्थामा वा तमोप्रधानताको अन्तिम स्तरमा छ अब यसै जन्ममा पुरुषार्थ गरेर सतोप्रधानताको श्रेष्ठ स्थिति अपनाउनु छ । बाबाले के चेतावनी दिनुभएको छ भने पतितबाट पावन अवस्थासम्म पुग्न यो साधारण कुरा होइन । लक्ष्य धेरै उच्च छ चढे तो चाखे वैकुण्ठ रस, गिरे तो चकनाचुर ।

यति ठूलो कडा मंजिल चढेर बलवान् माया र कठिन परिस्थितिको सामना गर्दै यदि निरन्तर उन्नतिको वा संस्कार परिवर्तन गर्ने गतिको कदर हामीलाई छैन भने लक्ष्य सम्म पुग्न असम्भव छ ।

कैयौं राजयोगी भाइ-बहिनीहरू के अनुभव गर्छन् भने चाहेर पनि आफ्नो स्थिति अगाडि बढिरहेको छैन । समय त बितिरहेको छ तर स्वयम्‌को संस्कार परिवर्तनमा सफलता देखा पर्दैन । यस असफलताको मूल कारण हो दैनिक पुरुषार्थको हिसाव नराख्नु । यस अलबेलापनको भयंकर परिणामको बारेमा बाबा चेतावनी दिनुहुन्छ । "कल कल करते काल खा जाएगा ।"

हामीले विशेष निम्नलिखित कुरामा ध्यान दिनु आवश्यक छ ।

**प्रथम** : तमोप्रधान र सतोप्रधान यी दुवै अवस्थाको बीचको अपार अन्तरलाई चिन्नु ।

**दोस्रो** : यस अन्तरलाई पार गर्दै आज सम्म हामीले कति टाढासम्म भ्रमण गरेका छौं ।

**तेस्रो** : अन्तिम लक्ष्यसम्म पुग्नको लागि अगाडि कति टाढासम्म हामीले पुरुषार्थ गर्नु छ ।

जब यी तीन कुराको स्पष्ट चित्र बुद्धिरूपी आँखाको सामुन्ने हुन्छ तब नै हामी पुरुषार्थमा तीव्रता ल्याएर लक्ष्यसम्म पुग्न सक्छौ । तर मुख्य कुरा के छ भने जब हामी दैनिक पुरुषार्थको चार्ट राख्छौं ।

**कुन कुराको चार्ट राख्नुपर्छ :**

चार्ट राख्नको लागि सार रूपमा पाँच कुरामा ध्यान दिनुपर्छ ।

**पहिलो** : ६३ जन्मदेखि जम्मा भएको पापको खाता नष्ट होस् अर्थात् सहज राजयोगको अभ्यासको चार्ट होस् ।

**दोस्रो** : मन, वचन, कर्मबाट कुनै नयाँ पापको खाता शुरु नहोस् अर्थात् Ruling power and

Controlling power को वृद्धिको चार्ट होस् ।

**तेस्रो** : " विकारी, व्यर्थ र साधारण " यी तीन कुरा समर्थमा परिवर्तन होस् अर्थात् समय, संकल्प र श्वासको समर्थताको चार्ट होस् ।

**चौथो** : सम्बन्ध, सम्पर्क र सेवामा आशीर्वाद जम्मा होस् अर्थात् ज्ञान, गुण, शक्ति र सहयोगको दानको चार्ट होस् ।


**पाँचौं** : कडा, आसुरी संस्कार भष्म भएर मधुर दैवी संस्कार प्रकट होस् अर्थात् अशुभ र अकल्याणकारी भावना नष्ट भएर शुभ भावना, शुभकामनाको वृद्धिको चार्ट होस् ।

**जीवनमा पोतामेलको के महत्व छ :**

चार्ट (पोतामेल) एक दर्पण हो । जसरी दर्पणमा कुनै चीज लुक्दैन त्यस्तै चार्टद्वारा म जो हुँ, जस्तो हुँ यो स्पष्ट देखापर्छ चाहे त्यो कमजोरी होस् वा विशेषता होस् । चार्ट, हामीलाई बाबा समान स्थितिसम्म पुऱ्याउने एक सीढी हो । जसमा आफ्नो अवस्था र लक्ष्य दुवैको वीच रहेको अन्तर सधैं सामुन्ने देखा पर्छ ।

चार्ट राख्नाले पुरुषार्थको स्मृति निरन्तर रहनुको कारण लगनको अग्नि सधैं प्रज्वलित रहन्छ ।

हामी सावधान रहनुपर्छ... यदि चार्ट बाट थाहा भयो हामी लक्ष्य बाट धेरै टाढा छौ तब यसबाट मनलाई भारी र निराश न बनाऔ, निरन्तर लक्ष्य रहनुपर्छ हामीले बाबा समान बन्नु नै छ । सधैं यही स्मृति रहनुपर्छ "हिम्मतको एक कदम हाम्रो भयो भने सहयोगको हजार कदम बाबाको नै हुन्छ ।"



११ पेजको बाँकी अंश...

भए पनि यथार्थमा परमात्मा निराकार नै हुनुहुन्छ ।

परमात्माको ज्योतिबिन्दु स्वरूप अपरिवर्तनीय, अविनाशी र अविभाज्य छ । परमात्माको यस स्वरूपमा कुनै अङ्ग र अंश भन्ने छैन । यो न घट्छ न बढ्छ । यो परमात्मा स्वरूप जरा-मृत्युको अधीनबाट मुक्त छ र प्रकृतिको परिवर्तनबाट प्रभावित हुँदैन ।

परमात्माको आफ्नो शरीर छैन । त्यसैले उहाँको संज्ञावाचक नाम पनि छैन, बरु अनेक गुणवाचक नामहरू छन् । भगवान्ले गीता-ज्ञानमा भन्नुभएको छ - "म सबैको मित्र हुँ, सर्व लोकमहेश्वर हुँ, सबैको हितैषी हुँ ।" यस प्रकार सबैको कल्याणकारी भन्ने गुणका आधारमा परमात्माको मुख्य कर्तव्यवाचक नाम 'शिव' रहेको हो । वेदमा "नमः शिवाय च शिवतराय च" भनेर शिवको स्तुति गरिएको छ । 'ओम् नमः शिवाय' भन्ने पञ्चाक्षरी मन्त्र पनि भक्तिमार्गमा निकै प्रख्यात छ ।

गीतामा परमात्माका लागि 'ओंकार' शव्दको समेत प्रयोग छ । परमात्माको पर्यायवाची नाम 'ओम्' भनिएको छ । 'ओम्' मा अ, उ, म् गरी तीन अक्षर छन् र यिनले ब्रह्मा, विष्णु, शङ्कर लाई बुझाउँछन् । यसरी ब्रह्मा, विष्णु, शङ्करका रचयिता 'ओम्' अर्थात् परमात्मा हुनुहुन्छ । गीतामा सोही अनुकूल परमात्मालाई प्रभविष्णु (ब्रह्मा), विष्णु र ग्रसिष्णु ( शङ्कर) गरी ती मूर्तिद्वारा कार्य गर्ने ज्योतिका पनि एक ज्योति (ज्योतिषां ज्योतिरेकम्) भनिएको छ यसरी ब्रह्माद्वारा सृष्टि, विष्णुद्वारा पालना र शंङ्करद्वारा विनाश गर्ने शिव परमात्मा त्रिमूर्ति हुनुहुन्छ । ज्ञानका सागर, शान्तिका सागर, आनन्दका सागर त्रिमूर्ति शिव परमात्मा ज्योतिर्बिन्दु स्वरूप हुनुहुन्छ । यही नै उहाँको दिव्य रूप हो ।


सत्सङ्ग श्रीखण्ड समान
एक जना विद्वान सदाचारी एवं सज्जन थिए ।
उनको छोरा कुसङ्गमा लागेर बिग्रिरहेको थियो ।
छोरालाई धेरै सम्झाउँदा पनि केही प्रभाव परेन । बाबु दिक्क थिए ।
उनले एक उपाय गर्न छोरालाई भने -
छोरा तिमी एक काम गर्छौ ?
हुन्छ गर्छु ।
तिमी एक हातमा चुल्होबाट कोइला र अर्को हातमा पूजा कोठाबाट श्रीखण्ड लिएर आऊ ।
छोराले एक हातमा कोइला र अर्को हातमा श्रीखण्ड लिएर आयो ।


यी कोइला र श्रीखण्ड लाई त्यही स्थानमा राखेर आऊ ।
छोरा आयो ..
हात देखाऊ ।
एक हात कालो थियो अर्को हात सुगन्धित थियो ।
बुबाले भन्यो -
असल व्यक्तिहरुको संगत श्रीखण्ड समान हुन्छ । सङ्गमा रहँदा र छुटदा पनि असल विचारको सुगन्ध रहन्छ । जसरी श्रीखण्ड हातमा लिए पनि छोडे पनि सुगन्ध हातमा छ ।
तर दुर्जनको सङ्ग कोइला समान हुन्छ, जब सम्म कोइला हातमा हुन्छ हात कालो हुन्छ तर कोइला फालिसकेपछि पनि हात कालो नै रहन्छ ।
छोरालाई यो कुरा साह्रै घत लाग्यो । ऊ सधैं सत्सङ्ग गर्न थाल्यो, सज्जनको सङ्ग गर्न थाल्यो । बाबु पनि खुशी भयो ।
सत्सङ्ग, सज्जनको सङ्ग श्रीखण्ड समान हुन्छ भने दुर्जनको सङ्गले कोइला समान कालिमा बन्छ ।



# नव वर्षको उपहार – निर्विघ्न भव, सफल भव

ब्रह्माकुमार सुदीप

नयाँ भन्नासाथ मनमा एउटा अनौठो र वैग्लै तरङ्गहरू दौडिन थाल्छ । नयाँले नया सोच, विचार, आयाम र क्षितिज कोर्न थाल्छ । पुरानोलाई विदाई र नयाँलाई स्वागत गर्न तन, मन र धन लालायित हुन थाल्छन् । एउटा उमंग, उत्साह, उल्लास मनभित्र स्फुरित हुन थाल्छ । नया सपना र कल्पनामा मन उड्न थाल्छ । जीवनको पाटोमा नयाँपनको अपेक्षा पनि उमडिएर आउन थाल्छ । केही गरौं, केही बनौं भन्ने जोश, जाँगर र उल्लास पनि मनमा पैदा हुन थाल्छ । जीवनको लामो यात्रामा कति नयाँ वर्षलाई स्वागत र पुरानोलाई विदाई गरियो होला तर पनि नयाँ वर्ष नजिकिदै जाँदा फेरि पनि मन एउटा उडान हाल्न थाल्छ मानौ उसमा कुनै जादुई नयाँ पखेटा उम्रिएको छ । पुरानो वर्षका जीवनका तीता, मीठा पाठ र अनुभवलाई आत्मसाथ गर्दै तीतालाई बिर्सदैं मीठा-मीठा सपनीहरूमा ऊ फेरि मस्त भएर उड्न चाहन्छ । वास्तवमा जीवनको रमाइलो पाटो नै यही हो एउटा कल्पनाको स्वागत, सपनाको स्वागत र भविष्यको गर्भमा लुकेर बसेको वर्तमान जुन गुप्त छ, अननोन छ त्यसको स्वागत । वर्तमानमा जेसुकै भएता पनि भविष्य प्रतिको एउटा सुखद आश– यसैले न मनुष्यलाई जीवनमा अगाडि बढ्न अभिप्रेरित गरिरहेको छ जस्तो लाग्छ ।

दैलोमा आएको वर्ष २०७१ ले पनि उल्लिखित भाव र भावनाहरू मनका गहिराइमा छताछुल्ल भइरहेको अनुभव दिनानुदिन बढ्दै गइरहेको छ। यो नव वर्षमा ब्रह्मा मुखवंशावली सर्व ब्राह्मण कुल भूषणहरू प्रति सृष्टिका नियन्ता परमपिता परमात्मा शिव बाबा र मनुष्य वंशावलीका आदि पिता प्रजापिता ब्रह्मा बाबाको जुन उपहार छ कि मेरा बच्चाहरू यो वर्ष निर्विघ्न बनून् र सफलता स्वरूप बनेर सारा विश्वको अगाडि प्रत्यक्ष हुन् । यही नै भावनासँग मेरो पनि सत्प्रतिशत सहमतिको भाव रहेको छ। सारा विश्वमा हामी ती करोडौंमा कोही र कोहीमा पनि कोही विशेष आत्मा हौं जसलाई स्वयम् भगवान्‌ले साकार सृष्टिमा अवतरित भएर नयाँ वर्षको बधाइ तथा उपहार दिनुहुन्छ। असोचनीय र अकल्पनीय कुरा ! यो कुरा सोच्दा नै मनमा रोमाञ्च खडा हुन पुग्छ कि यो अकल्पनीय सत्यतालाई वर्तमानमा हामी अनुभव गर्दैछौं ।

निर्विध्न त बन्ने तर बाबाले यसको अझ गहिराइमा गएर सातवटा आयाममाथि प्रकाश पार्नुभएको छ । मनसा, वाचा, कर्मणा र सम्बन्ध-सम्पर्क यी चारै तहमा निर्विध्नताको अवस्थालाई प्राप्त गर्नका लागि बाबा विशेष बच्चाहरूलाई उत्प्रेरित गर्दै हुनुहुन्छ । मनको तहमा सदा सर्व आत्मा प्रति शुभ सोच, शुभ



सच्चा दिलले नि:स्वार्थ सेवा गर्नु पुण्यको खाता जम्मा गर्नु हो ।

भावना र शुभ कामना, सर्व प्रति दया, क्षमा र करुणाको भावना, सर्व प्रति कल्याण, मंगलको भावना, सबै प्रति आत्मा-आत्मा भाइ-भाइको भाव र भावना, सृष्टि रङ्गमञ्चमा चलिरहेको नाटकको हरेक दृश्य (राम्रो वा नराम्रो, स्वयम् वा अन्यको) प्रति साक्षी भाव र भावनाले मनसामा निर्विध्न अवस्था आउन सक्नेछ । वाचामा ज्ञानयुक्त, युत्तियुक्त, प्रेरणायुक्त, सम्मानयुक्त, स्नेहयुक्त, निर्मानयुक्त बोलले नै निर्विध्नताको अवस्थालाई प्राप्त गर्न सकिन्छ भने कर्ममा हरेक कदम श्रीमत अनुसार, भगवानको आदेश र निर्देश अनुसार, निमित्त सम्झेर, सर्व हितकारी र कल्याणकारी कर्मले नै निर्विध्नताको स्थिति प्राप्त हुन सक्दछ । सम्बन्ध-सम्पर्कमा आत्मिक दृष्टि, वृत्तिका साथै निर्माण बनेर सम्मान र स्नेहयुक्त व्यवहार गर्नाले नै निर्विध्नताको स्थिति प्राप्त हुने कुराको प्रकाश बाबाले ७८ वर्षदेखि विभिन्न महावाक्य, मुरलीको माध्यमद्वारा गर्दै आउनु नै भएको छ । त्यसमा पनि विशेष श्रीमतको दायरामा त मनसा, वाचा, कर्मणा र सम्बन्ध-सम्पर्क सबै समेटिने कुरामा दुई मत हुन नसक्ला । किनकि बाबाको श्रीमत यी चारै आयामलाई दृष्टिगत गरी नै आउने गर्दछ । त्यति मात्र होइन तीनै काल र सर्व आत्माको कल्याणलाई दृष्टिगोचर गरी बाबाले श्रीमत दिनुहुन्छ । बाबा अझ थप जोड दिदैं स्वयम्का साथै सेवा साथीहरूको पनि निर्विध्न अवस्था, परिवारको पनि निर्विध्न अवस्था र जुन स्थान र वातावरणमा हामी बसेका छौं त्यो स्थान र वातावरणको पनि निर्विध्न अवस्था बनाउनु पर्ने कुरामा जोड दिनुभएको छ । किनकि हामी एक्लै त छैनौ र एक्लै बनेर मात्रै परमात्मा पिताको विश्व परिवर्तनको कार्य सम्पन्न हुन पनि सक्दैन । तसर्थ आफू बनेर अन्यलाई पनि बनाउनु यो पनि उत्तिकै महत्वपूर्ण कुरा हो । अर्को पक्ष वर्तमान विश्व परिवेशमा विध्न त सेवा साथीबाट पनि आउन सक्छ, परिवारबाट पनि आउन सक्छ भने वातावरण, प्रकृतिबाट पनि आउन सक्छ । तसर्थ बाबा सम्पूर्ण अर्थात् सातवटै पक्षमा निर्विध्न स्थिति बनाउनु पर्ने कुरामा जोड दिनुहुन्छ ।

यसका लागि नै बाबा हामीलाई अग्रिम निर्विध्न भव, विध्नविनाशक भवको वरदान भनौ वा उपहार दिदैं हुनुहुन्छ ताकि बच्चाहरूको आधी काम फत्ते भइहालोस् । किनकि वरदान, वर्सा र उपहारमा मेहनत लाग्दैन जसले गर्दा हाम्रो आधी काम त पहिले नै फत्ते भइहाल्छ बाँकी आधी मेहनत हरेक बच्चाहरूले गर्नुपर्नेछ। त्यसका लागि पनि बाबाले हामीलाई सफल भवको वरदान भनौ वा उपहार पनि साथै दिनुहुन्छ । ताकी बाँकी रहेको आधी मेहनत पनि न को बराबर गर्नुपरोस् । बाबा हामीलाई स्मृति दिलाउनु हुन्छ बच्चाहरू सफलता तिम्रो जन्मसिद्ध अधिकार हो । तिमी कल्प कल्पको विजयी आत्मा हौ र त्यही तिम्रो विजयका यादगारले नै शास्त्र भरिएको छ । यो बाबाको अत्यन्तै सुन्दर र श्रेष्ठ उपहारलाई जति हामी स्मृतिमा ल्याउँदै, प्रयोगमा ल्याउँछौ त्यति नै विध्न विनाशक र सफलता स्वरूपको स्थितिमा स्थित हुन सक्नेछौं । र जति हामी निर्विध्न रहन

सफल हुन्छौ त्यति हामी बाबा समान, सम्पूर्ण र सम्पन्न अवस्था अर्थात कर्मातीत अवस्थालाई प्राप्त गर्नेछौं ।

यो आध्यात्मिक मार्गका पथिकहरूको जीवनमा वा यो रूहानी यात्रामा विशेष ८ प्रकारको विघ्न आउने कुराको पनि बाबाले भिन्न भिन्न मुरलीमा प्रकाश पार्नुभएको छ । ती विघ्न हरेक रूहानी पथिकको यात्रामा कुनै न कुनै समय वा कुनै न कुनै मोडमा आउने नै छ मात्र अगाडि र पछाडि कुरा हो । जस्तोसुकै तीव्र पुरुषार्थी भएतापनि यी विघ्नबाट सबैले पार हुनै पर्छ । ती हुन् :

१) अलवेलापन (लापरवाही)

२) संशय

३) व्यर्थ संकल्प वा खराब संस्कारको उदय

४) विकट परिस्थिति वा समस्याहरू

५) थकावट, उत्साहमा कमी वा अरुची

६) पूर्व कर्महरूको हिसाब, किताब

७) मानसिक दण्ड

८) व्याधि

१) पुरुषार्थमा सबैभन्दा हानिकारक कुरा मनुष्यको आफ्नै लापरवाही नै हो । पुरुषार्थीले जब आफ्नो मन, वचन, कर्ममा ध्यान दिदैन, आफ्नो स्थिति वा अवस्थाको जाँच गर्दैन वा गराउँदैन तब उसको अभ्यास ढिलो हुन्छ, प्रगति रोकिन्छ । जसलेगर्दा उसको मन संसारतर्फ झुक्न पुग्दछ वा योग वा बाबाले बनाएका नियम प्रति उदासिन हुनपुग्छ । यस्तो लापरवाहीलाई कहिले पनि आफ्नो मनमा घुस्न दिनु हुँदैन । सानोतिनो कुरा त हो नि भनेर छोडिदिनु, सानो त हो नि भनेर त्यही भुललाई बार-बार गर्नु पनि अलवेलापन अर्थात् लापरवाही नै हो । कहिलेकाहीँ विचार चल्छ आज एक दिन अमृतवेला ढिलो उठेर के फरक पर्छ, भोली त समयमा नै उठेर नै गर्नेछु ! आज विशेष काम परेकोले पो मुरली क्लास छुट्यो भोली त गइहाल्छु ! कहिलेकाहीँ घरमा नै बसेर मुरली पढे पनि भइहाल्छ नि किन सधैं आश्रममा जानु पऱ्यो र ! यस्तो लापरवाहीले गर्दा विस्तारै पुरुषार्थमा ढीलापन आउन जान्छ र विस्तारै पुरुषार्थ प्रति जुन लगन थियो त्यो कम हुन जान्छ फेरि माया पनि त तम्तैयार नै छ उसले पनि यही हो मौका भनेर आक्रमण गरिदिन्छ ।

तसर्थ बाबाले बनाएका नियम, श्रीमत तथा काइदा, कानूनमा कहिले पनि लापरवाही गर्नुहुँदैन । त्रिकालदर्शी बाबाले दिनुभएको नियममा अवश्य पनि मेरो कल्याण छिपेको छ भनी पुरुषार्थमा एक्युरट र अलर्ट रहनुपर्छ । सोच्नु पर्छ केही समयको पुरुषार्थले मैले के प्राप्ति गर्दै छु । २१ जन्मको लागि विश्वको बादशाही , आधी कल्पको लागि सम्पूर्ण सुख, शान्ति र ऐश्वर्यको प्राप्ति, त्यसको लागि केही समय त्याग, तपस्या गर्नु त कुनै ठूलो कुरा नै होइन । यसरी आफैंलाई सम्झाएर पुरुषार्थमा तत्पर भइरहनुपर्दछ ।

**क्रमशः**



नकारात्मक सोच्ने बाटो बन्द गऱ्यौं भने सफलता स्वरूप बन्ने छौं ।

# बाबा मिलनका स्मृतिहरू

हेम शर्मा पोखरेल, काठमाण्डौ

परमपिता परमात्मा शिवबाबाको ब्रह्मा तनमा अवतरण स्थल मधुवनमा सके धेरै पटक नभए कमसेकम वर्षमा एक पटक जाने सबै ब्रह्मावत्स ब्राह्मण आत्माहरूको चाहना हुन्छ । यस वर्ष युगल र म सँगै बाबा मिलनमा जाने सङ्कल्प चले पनि विश्व नाटक योजना (drama plan) मा त्यो जुर्छ जुर्दैन थाहा थिएन । बाबासँग मैले यो जिज्ञासा राखें– बाबा वृद्ध माता-पितालाई छाडेर हामी दुबै जना सँगै हजुरसँग मिलन मनाउन आउन मिल्छ वा मिल्दैन ? तिमीले चिन्तै गर्नु पर्दैन तिमीले सोचेभन्दा राम्रोगरी वृद्ध माता-पिताको पालना हुन्छ आऊ भन्ने बाबाले अनुभूति (touching)गराउनुभयो। मैले यो कुरा सेवाकेन्द्रकी निमित्त आत्मा समक्ष पनि राखें, उहाँबाट पनि अनुमति प्राप्त भयो । त्यसपछि परमआदरणीय राजदिदीजी सम्मुख पनि यो विषय राखें । उहाँले पनि माता-पिताको स्याहार गर्ने उपयुक्त व्यवस्था मिलाएर जाने अनुमति दिनुभयो । सबै तिरबाट अनुमति प्राप्त भएपछि टिकटको बन्दोवस्त गरियो र माता-पिताको स्याहारसंभार गर्न बाबाले मिलाउने व्यवस्थाका लागि प्रतीक्षा गरेर बस्यौं । केही समय पछि अमेरिका जानुभएकी दिदी हामी माउण्ट आबु जाने दिनको भोलिपल्ट अमेरिकाबाट उड्ने र त्यसको एक दिन पहिला छोरी शताक्षीको एमविविएसको फाइनल परीक्षा सकिने खवर प्राप्त भयो । त्यसको एक दिन पूर्व नातिनी निलिमाको इन्जिनियरिङ्गको परीक्षा समाप्त हुने भएकाले भगवती भान्जी र नातिनी काठमाण्डौ आउने चाँजो मिल्यो साथै ज्वाइँ श्यामजी पनि करिब एक हप्ता काठमाण्डौ बस्ने चाँजो परेछ र शतवार्षिकी मनाइसक्नु भएका पिताजी र नब्बे वर्ष पुग्न लाग्नुभएका माता द्वयलाई बाबाको जिम्मा लगाएर युगल रत्नकुमारी र मैले अरू सहयात्रीहरूसँगै यस पटकको मधुवन यात्रा आरम्भ गऱ्यौं ।

चैत्र १, २०७० अर्थात् मार्च १५, २०१४ बाबा मिलनको दिनको प्रतीक्षाको घडी पनि टुङ्गिँदै थियो । विहानैबाट मौनतालाई भरिसक्के अवलम्बन गर्ने प्रयत्न भइरहेको थियो । हल्का आहार, मौनता, एकरस स्थिति र बाबाको यादमा मग्न रहने अभ्यास गरिरहेका थियौं सबै बाबा मिलनका लागि आतुर आत्माहरूले । यस्तो लाग्दथ्यो मधुवन धरनीमा आज एक अभूतपूर्व अवसर प्राप्त हुन गइरहेको छ जसबाट कैयौं आत्माहरूको जीवनको कायापलट हुनेछ । सबैको अनुहारमा सूक्ष्म उमङ्ग, गहन उत्साह र एकरस लगन प्रतिविम्वित हुन्थ्यो । हो, कतिपय नवागन्तुकहरूमा स्वाभाविक जिज्ञासा, कौतूहलता र नुतन अनुभूतिको प्रतीक्षा पनि अनुभव गर्न सकिन्थ्यो ।

यस पाली बाबा मिलनमा जाँदा बस्नका लागि कुर्सी वा सोफाको आसन भन्दा भरिसक्के बीचको भागमा भुइँमै राज-आसनमा बस्ने सङ्कल्प थियो । त्यो बसाई स्वाभाविक र सहज थियो । मन एकाग्र गर्नमा पनि सहज हुने यस पूर्वको शिक्षा प्रभाग (education wing) को समूहमा बाबा मिलनको अनुभवलाई निरन्तरता दिने इच्छा पनि हो यो । यसै अनुसार दिनेश भाइजी, राम प्रसाद भाइजी र टहल बुवा सहित थुप्रै नेपाली शिरपोस धारीहरूको बीचमा म सहित धेरै नेपाली र अन्य आत्माहरूले बाबा मिलनका लागि दिनको तीन बज्नुपूर्व सात नम्बर प्रवेशद्वार निर सुखद आसन

जमाउन पुगिसकेका थियौं ।

त्यस दिन हामीहरू सारा संसारले खोजी गरिरहेका यस सृष्टिका सर्व शक्तिमान्, सर्वमान्य, सर्वोपरि, सर्वज्ञ, सम्पूर्ण गुण र ज्ञानका भण्डार परमपितासँग मिलन मनाउन गइरहेका थियौं । यस्तो प्राप्ति हाम्रो अगाडि उपस्थित हुँदै थियो जसको तुलना अरू कुनै प्राप्तिहरूसँग हुनै सक्दैनथ्यो । स्वयम् यस सृष्टिका नियन्ता परमात्मा शिवबाबा हामी बच्चाहरूलाई प्रेम र शक्तिको वर्सा दिन हाम्रै अगाडि आउँदै हुनुहुन्थ्यो । यस परिप्रेक्ष्यमा त्यस दिनको करिव चार घन्टाको प्रतिक्षा र बाबा मिलनको बाँकी करिब तीन चार घण्टाको अवधी अत्यन्त सहज र स्वाभाविक रह्यो । खास गरी बाबा मिलन पूर्व सदा झैं सूर्य भाइको राय सुझाव सहितको कक्षामा सहभागिता हुन पाउँदा सबै आत्माहरूलाई मनग्गे लाभ भएको र त्यस कक्षामा प्रवाहित विचारहरूले स्वाभाविक रूपमा एक किसिमको मौनता र शान्तिको वातावरण बनेको र सहभागी आत्माहरूमा उमङ्ग र उत्साह भरिएको थियो । उहाँले सबै आत्माहरूलाई सर्वप्रथम आफू आत्मिक स्थितिमा स्थित भई श्रेष्ठ स्वमानमा रहेर निराकार बाबाको यादमा रहने, आफ्नो चिन्ता सबै बाबालाई अर्पण गरिदिने, मनको बोझ बाबालाई सुम्पने, समर्थ सङ्कल्प मात्र गर्ने, होलीको दिन भएकाले बाबाले अष्टशक्तिहरूको पिचकारीले रङ्ग्याउनु भएको अनुभव गर्ने जस्ता सल्लाह दिएर बाबा मिलनको कार्यलाई सहज तुल्याइदिनुभएको थियो । बाबा आउने बेला भए पछि बाबा मिलनका लागि आतुर आत्माहरूको प्यार भरी, सम्मान भरी, श्रद्धा भरी, उत्सुकता भरी भावनाका प्रकम्पनहरूले डायमण्ड हलको वातावरण नै करुणामय, स्नेहसिक्त भएको थियो, आँखा रसाएका थिए, मृदुल प्रतीक्षाको सुखद अनुभूति भएको थियो । भनिन्छ प्रतिक्षाको घडि कठिन हुन्छ । तर सायद जीवनमा यस्ता सुखद प्रतीक्षाका क्षणहरू मनुष्य आत्माहरूले विरलै अनुभव गर्ने अवसर प्राप्त गर्दछन् ।

नियत समयमा बाबा मिलनका लागि भाग्यशाली रथ परम आदरणीय दादी हृदयमोहिनीजी, परम श्रद्धेय दादी जानकीजी तथा परमप्रिय दादी रत्नमोहिनीजी, मुन्नी तथा मोहिनी दिदीजीहरू सहित स्थानीय समय अनुसार साँझ करिव साढे सात बजे तिर डायमण्ड हलको त्यो विशाल मञ्चमा प्रवेश भयो । उहाँहरूको प्रवेश पश्चात् वातावरणमा अर्कै रुहानियतपूर्ण रौनक थपियो र प्रतीक्षारत आत्माहरू बीच स्वाभाविक रूपमा सुखद शान्तिको तरङ्ग पैदा भयो । हसरत है हमारी बाबा.. .को मधुर गीतले वातावरणमा तरलता पैदा गरिदियो । सर्व आत्माहरूप्रति नयन र स्वरूपबाट मधुर स्नेह र सद्भावका तरङ्गहरू सम्प्रेषण गर्दै दादी हृदयमोहिनीजीले बाबा मिलनका लागि स्थान ग्रहण गर्नुभयो । हम उडके चले जाएं ...को मधुर संगीत सँगै दादीजी वतनमा जानुभयो र करिब साँझको ७.४४ तिर दादीजीको तनमा बाबा प्रवेश गर्नुभयो । करिब १४ मिनेट दृष्टिद्वारा सर्व आत्माहरूलाई तृप्त गरेपछि बाबाले ज्ञान वर्सा गर्न आरम्भ गर्नुभयो ।

सदा भन्दा भिन्न तवरले बाबाले यस पाली सबै होली अर्थात् पवित्र बच्चाहरूलाई होली पर्वमा बधाई दिनुभयो । यसपालिको परमात्माको महावाक्यमा बधाई शब्द र होली शब्द कैयौं पटक प्रयोग गरेर बाबाले बच्चाहरूको पवित्रता प्रतिको प्रतिबद्धता र होलीको उमङ्गमा अझ नयाँ आयाम थपिदिनुभयो । यस महावाक्यमा खासगरी बाबाले एक एक बच्चा कति प्यारा छन् भन्नेकुरा बाबा र बच्चाहरूलाई मात्र थाह छ भनेर बाबा र बच्चाको प्यारको असीमिताको उद्घोष गर्नुभएको छ । बाबाले यी प्यार भरी महावाक्य चलाएर

उपस्थित आत्माहरूका अतिरिक्त विज्ञानको साधनको प्रयोग गरी बाबा मिलन मनाइरहेका सम्पूर्ण भाग्यमानी आत्माहरूलाई खुशीले गद्-गद् पारिदिनुभयो । मूलतः बाबाले देश, विदेश मात्रै होइन गाउँका बच्चाहरूलाई पनि सम्बोधन गरी सुदूर दुर्गम ग्रामीण इलाकाका बच्चाहरू प्रति असीम प्यार प्रदर्शन गरेर, जानकी दादीजीले मुखैमा पुऱ्याउनुभएको भोग आफूले समातेर सर्व बच्चाहरूतिर देखाउँदै सर्व बच्चाहरूका तर्फबाट वा भनौं सर्व बच्चाहरूलाई भोग स्वीकार गराउँदै आफूले स्वीकार गरेर र अन्त्यतिर माइक तानी-तानी एक एक बच्चालाई टाढैबाट विशेष याद प्यार दिनुभयो जसबाट बाबाको हामी बच्चाहरू प्रतिको असीम प्यारको उत्कृष्ट अभिव्यक्ति अनुभव भयो ।

वास्तवमा आफूलाई मधुवनवासी हुन नपाएकोमा र प्रमुख सेवा केन्द्रबाट प्रत्यक्ष पालना लिन नपाएकोमा कता-कता एक प्रकारको लघुताभास अनुभव हुन्थ्यो । यज्ञ सञ्चालनका महत्वपूर्ण विषयमा अन्तरङ्ग समूह (core group) मा छलफल गरिरहेका बखत दुई तीन पटक आदरणीय राजदिदीजीले "सत्ययुगमा हामीहरू नै त एकै परिवारका सदस्य वा कुटुम्ब थियौं र हुनेछौं" भन्दा मन केही बुझेको भए पनि ढुक्क भएको थिएन । तर आजको यस महावाक्यमा बाबाले अवस्था अनुसार "अहिले जो जति नजिक हुन्छ त्यहाँ स्वर्गमा पनि परिवारको त्यत्तिकै नजिक हुन्छ" भनी मधुवन वा ठूलो सेवा स्थानमा बसेको भन्दा पनि बच्चाहरूको भविष्य उसको अवस्था अर्थात् स्थितिमा आधारित हुने कुरा बताएर पुरुषार्थ अनुसार प्राप्ति हुने, त्यसमा स्थान विशेषले प्रभाव नपार्ने विषयमा मलाई पूरै विश्वस्त पारिदिनुभएको छ । यति मात्रै होइन मनमा केही सेवा सम्बन्धी, केही यज्ञमा सफल गर्ने प्रश्नमा र विश्व कल्याणका योजनाहरूमा पनि बाबाको श्रीमत प्राप्त गर्ने भित्रि मनसुवा पनि थियो । सफलता बाबाका बच्चाहरूको जन्मसिद्ध अधिकार हो, बच्चाहरू हुन् नै सफलता स्वरूप र स्वरूप नै सफलता हो, समस्या आउँछ जान्छ तिमी बच्चाहरू सदा विजयी हुन्छौ भनी सफलतामूर्त र विजयी आत्माको वरदान दिएर बाबाले एकै महावाक्यमा यावत् जिज्ञासाहरूको समाधान गरिदिनुभएको छ ।

यज्ञ राम्रो गरी सञ्चालन भएको, कुनै समस्या नभएको, सबैले आ-आफ्नो क्षेत्रबाट यथोचित ध्यान दिइरहेकै भए पनि त्रिमूर्ति भाइहरूलाई बाबाले सारा यज्ञको रेखदेख गर्नका लागि निमित्त बनेका मित्रका रूपमा चित्रित गर्दै संस्कार मिलनका लागि निर्देशन दिनुभयो। भोलिपल्ट त्रिमूर्ति भाइहरूमध्येकै एक रमेश भाइजीले त्यस दिनको महावाक्यको व्याख्या गर्ने क्रममा हामी तीन भाइहरू बीच कुनै समस्या भएर होइन अपितु त्यस्तो समस्या यज्ञमा कतै पनि नदेखियोस् भनी बाबाले संस्कार मिलनको कुरा गर्नुभएको हो र यस मुरलीको सबैभन्दा महत्वपूर्ण सन्देश नै संस्कार मिलन हो भनी बताउनुभयो । वास्तवमा पंक्तिकारलाई पनि यज्ञ सञ्चालनका लागि संस्कार मिलन अति आवश्यक र कामयावी सूत्र हो जसलाई जुनसुकै स्तर र कार्यक्षेत्रको सेवास्थानका लागि पनि अति आवश्यक र सान्दर्भिक छ जस्तो लाग्दछ । संस्कार मिलन भएका सेवा स्थानको व्यक्तिगतदेखि अलौकिक एवं लौकिक परिवार बीच पनि सुमधुर सम्बन्ध मात्र हुने होइन त्यसबाट यज्ञ सेवामा दिन दुगुना रात चौगुना उन्नति भएका उदाहरणहरू छन् । दादी प्रकाशमणिजी र मनमोहिनी दिदीजी यसका सर्वोत्कृष्ट उदाहरण हुनुहुन्छ। संस्कार मिलनका लागि सबैभन्दा पहिला अरूको भावनालाई सम्मान गर्ने र स्वीकार गर्ने मूल्य वा गुण बच्चाहरूमा हुनु पर्दछ । यसका

लागि आवश्यक तत्व भनेको जन्म-जन्मदेखि विकृत अवस्थामा रहेको संस्कारको परिवर्तन हो । संस्कार परिवर्तनका लागि MBA (Master of Business Administration) होइन MDA (Master of Divine Administration) को उपाधि प्राप्त गरी ज्ञान, योग, सेवा, धारणाका अतिरिक्त अलौकिक यज्ञको प्रशासन र व्यवस्थापन गर्ने संस्कार मिलनको कौशल वृद्धि गर्न निमित्त आत्माहरू सहित सर्व ब्राह्मण बच्चाहरूलाई आह्वान गर्दै त्यस दिनको ईश्वरीय महावाक्यको रमेश भाइजीले व्याख्या गर्नुभयो ।

बाबा मिलन पूर्व हाल क्यानाडा निवासी विश्वविख्यात कुश्तिबाज टाइगर जित सिंह र उहाँकी धर्मपत्नीले टेलिभिजनमा शिवानी बहिनीजीको भनाइबाट प्रभावित भएर ब्रह्माकुमारिजको सम्पर्कमा आए पश्चात् जीवनमा पद, प्रतिष्ठा, सम्पन्ता र आफ्नो व्यावसायिक उन्नतिबाट प्राप्त नभएको सन्तुष्टि प्राप्त भएर जीवन धन्य-धन्य भएको बताउनुभयो । भोलिपल्ट बिहान मुरली कक्षा पश्चात् बाबा मिलन गरेर फर्कन लागेका एक शंकराचार्यजीले त उहाँका विचारमा गीतामा जब जब धर्मको ग्लानि हुन्छ अधर्मको विगविगी हुन्छ तब म आएर धर्मको रक्षा गर्दछु भन्ने परमात्म-अवतरणको प्रसंग उल्लेख गरिएकोमा यहाँ ब्रह्मा तनमा नै परमात्म-अवतरण भएको अनुभव, ब्रह्माकुमारिजमा जस्तो नियमित, व्यवस्थित र प्रभावकारी आध्यात्मिक चिन्तन र अभ्यास अन्यत्र कहीँ पनि नदेखिएको भनेर र Brahma Vidya Peetham International, Trinidad का पीठाधीश स्वामी ब्रह्मस्वरूपानन्दले बाबा मिलनलाई बाबा र बच्चा अर्थात् आत्मा र परमात्माको महत्वपूर्ण मिलनको अवसरका रूपमा चित्रित गरी सबैलाई सन्तुष्ट पारिदिएका थिए ।

मधुवनमा सञ्चालन हुने प्रत्येक कार्यक्रममा आफूलाई सरिक बनाउन नसके पनि केही कार्यक्रमहरूमा भाग लिने अवसर प्राप्त भयो । त्यसमा प्रातः दुई बजेदेखि आरम्भ हुने राम स्वरूप भाइजीको ज्वालामुखी योगको कक्षामा भाग लिन पाएर वास्तवमा मेरो धेरै दिनको चाहना पूरा भएको छ । दशकौं लगाएर उहाँले आफैले गर्नुभएको अभ्यासका आधारमा तयार गरिएको यस कार्यक्रममा मूलतः चिरकालीन आत्मानुभूति र परमात्म-अनुभूति गराउने अभ्यास पश्चात गहन मौनता र शान्तिको अनुभव गराउने, परमात्माको प्रेम र शक्तिको अनुभव गराई त्यसबाट हुने प्राप्तिको आँकलन गरी बाबा प्रतिको निश्चय पक्का गराउने तथा कल्पवृक्षको विभिन्न स्थानमा बसेर सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुगी आत्माहरूलाई शक्तिशाली सकाश दिएर ती आत्माहरूको कल्याण गर्ने सरल तर अत्यन्तै प्रभावकारी ज्वालामुखी योगको अभ्यास गराउँदा साँच्चिकै ज्योतिर्बिन्दु स्वरूप आत्मा र निराकारी परमात्माको प्रखर अनुभूति मात्र भएको होइन हजारौंको संख्यामा उपस्थित भएका राजयोगीहरू बीच गहन शान्ति (pin drop silence) को अनुभूति पनि भएको थियो ।

दादी जानकीजीको उपस्थितिमा गोधूली साँझको योग पश्चात बाबाको यादमा सबै सहभागीहरूको संगीतमय नृत्य र परमात्मा मिलनको शक्तिशाली अनुभूतिले सबैलाई द्रवीभूत बनाएको थियो । मन, बुद्धि, संस्कारमा ज्ञानको तेस्रो नेत्र दिएर त्रिनेत्री, त्रिकालदर्शी, त्रिलोकका मालिक बनाउने, जीवनमा सफलता छम् छम् गर्दै आउने बनाइदिने भाग्यविधाता बाबाको याद मात्र रहोस् भन्ने दादी जानकीजीका शुभ भावनाभरी उद्गारले र उहाँकै उपस्थितिमा हुने प्रातःकालीन शक्तिशाली योगको अभ्यासले बाबाबाट प्रेम, शक्ति, सम्पन्नता र सम्पूर्णताका वरदानले

भरिपूर्ण हुने अवसर जुटाएको मात्र होइन बाबाका महावाक्यको रसमा चुर्लुम्म डुबेर मुरली पढ्ने जानकी दादीजीका प्रखर एवं मधुमय अभिव्यक्ति, मुरलीको भावमा बगेर ईश्वरीय महावाक्य सुनाउने रत्नमोहिनी दादीजीका स्नेहसिक्त अभिव्यक्ति र बाबाका महावाक्यको चिरफार गरेर सुनाउने आशादिदीजीका मनमोहक उद्‌गारहरूले मुरलीका धुनमा सबेलाई मन्त्रमुग्ध बनाइदिएका थिए ।

जति बाबाको आज्ञा अर्थात् श्रीमतको पालना हुन्छ त्यत्ति उच्च पद प्राप्त हुन्छ, सच्चा दिलबाट बाबालाई प्यार गर्नु नै बाबाको आज्ञाकारिताको निशानी हो तसर्थ जीवनलाई सफल बनाउनका लागि बाबाको श्रीमतलाई अक्षरशः पालना गर्नु पर्दछ भन्ने राय दिने भ्राता निर्वैरजीको आफूले जीवनमा बाबाको श्रीमतको एक अंश पनि नछाडी पालना गरेको उत्कृष्ट अनुभव, मम्माले दिल्ली स्टेशनमा रेल छुट्ने वेला भइसके पछि पनि पंक्तिबद्ध भएर वसेका आत्माहरूलाई शुरु देखि अन्त्य सम्म समान रूपले दृष्टि दिएर जाँदा सम्म रेल नछुटेको तथा त्यस अवस्थामा मम्माको स्थिर मानसिकता र धैर्यको स्मरण गर्दा द्रवीभूत भएका बृजमोहन भाइजीका करुणामय अभिव्यक्ति, राम रावण युद्ध समाप्त भए पछि रावण पनि एक महान् पुरुष भएकाले ऊसँगबाट पनि सिक्न सकिन्छ भनी शिक्षा लिन रामले रावणकहाँ पठाएका लक्ष्मणलाई रावणले १) हितैषीले सावधानी गराएको कुरामा वेवास्ता नगर्नु, २) आफ्नो शत्रुलाई कहिल्यै पनि कमजोर नठान्नु, ३) शुभ कार्यमा कहिल्यै ढिलाइ नगर्नु ४) कहिल्यै पनि मनको भेद अरूलाई नखोल्नु भन्ने उपदेश दिएको प्रसंग सविस्तार सुनाउने उषा दिदीजीका अत्यन्तै शिक्षाप्रद सम्प्रेषणहरूले मनलाई छोइरह्यो ।

करिव तीन महिना पहिला अमेरिकाको युजिन सेवाकेन्द्रकी सञ्चालिका किरण दिदीजीको यसै ताका बाबा मिलनका लागि मधुवन आउने आशयको इमेल पढेको भए पनि त्यस पछि त्यस विषयमा चिन्तन चलेनछ । मधुवन पुगेको दोस्रो दिन केही स्थानहरूको भ्रमणमा जाने क्रममा पाण्डव भवन परिसरमा प्रवेश गर्ने बित्तिकै किरण दिदीजीको सम्झना भयो । दुई जना विदेशी बाबाका बच्चाहरूलाई सोद्धा पनि दिदीजीका विषयमा पत्ता नलागे पछि प्राङ्गणको एक छेउमा उभिएर बाबाको यादमा रहेर किरण दिदीजीका खोजीमा मेरा आँखाहरू केन्द्रित भए । सबैभन्दा प्रभावशाली रूपमा बाबाको शक्तिका प्रकम्पनहरूको अनुभव गर्ने त्यस प्राङ्गण परिवेशमा बसेर बाबाको याद र प्रतीक्षा गरिरहेका वखत तत्काल‌ै किरण दिदीजी मुस्कुराउँदै सामुन्ने उपस्थित हुनुभयो । कुलेश्वर उपसेवा केन्द्रकी सञ्चालिका कविता बहिनीजी, युगल र म भएर सामान्य भलाकुशारी पश्चात् किरण दिदीजीसँग बाबा मिलनका दिन भेट्ने वचनबद्धता सहित बिदा भए पछि बाबाले समय समयमा गराउने यस्ता अनुभूतिहरू (touchings) को चमत्कार देखेर मनमनै मुस्कुराउन पुगेँ । बाबा मिलनबाट आफ्नो अवस्था सम्पूर्ण सम्पन्नताको शिखरतिर अग्रसर भइरहेको सूक्ष्म अनुभूतिले आफू पुलकित भएको र यस्तै अझ श्रेष्ठ अनुभूतिहरू जीवनमा बार बार गर्न सकियोस् भन्ने सुखद चाहना सहित प्यारा बाबा प्रति गहन कृतज्ञता भाव सहित यसपटकको यो बाबा मिलनका स्मृतिहरूको संक्षिप्त यात्रा स्मरण यत्तिकै मित्याउने अनुमति चाहन्छु ।



# चारित्रिक विकास र राजयोगको अन्तरसम्बन्ध

दामोदर रेग्मी, बसुन्धारा

चारित्रिक विकासको विषय मानव सभ्यताको थालनीदेखि नै शुरु भएको अति प्राचीन तर हर कालमा सान्दर्भिक, सामयिक र अपरिहार्य बन्दै गएको विषय हो । सरलता, इमान्दारीता, अहिंसा, विनम्रता, स्वच्छता, सकारात्मक विशेषता र मूल्यहरूको अवलम्बन चारित्रिक विकासका अति आवश्यकीय पक्षहरू हुन् । आत्मसम्मानको व्यवस्थापन, आवेगहरूको उचित व्यवस्थापन र विज्ञताको विवेकपूर्ण प्रयोग, विश्वसनीयता, नैतिक पक्षहरूमा बलियो धरातलयुक्त, सुसंस्कार प्रतिको आन्तरिक र व्यावहारिक प्रतिबद्धता असल चरित्रका सवल तथा आवश्यकीय पक्षहरू हुन् ।

चरित्र वा चारित्रिक विकास सम्बन्धी विषयहरूलाई विभिन्न विद्वान् तथा पुस्तकहरूले भिन्न भिन्न किसिमले व्याख्या गर्ने गरेको पाइन्छ । यसै क्रममा नेपाली शव्दसागर (सोपत्तिक कोश) का अनुसार चरित्र भन्नाले चालचलन, व्यवहार, जिन्दगीमा गरिने कामकाज, आचरण, करनी, कर्मजात र चारित्रिक भन्नाले चरित्र सम्बन्धी, स्वभावगत भन्ने बुझिन्छ [१] । त्यस्तै मनोवैज्ञानिक Lawrence Pervin का अनुसार नैतिक चरित्र भिन्न परिस्थितिमा समान प्रकृतिको व्यवहार प्रदर्शनको प्रक्रिया हो । चरित्र भन्ने शव्द नैतिक विषयसँग सम्बन्धित छ । यसर्थ मूल्य, सहानुभूति, साहस, इमान्दारीता, लचकता जस्ता विषयहरू चरित्र मापनका केही कसीहरू हुन् [२] । चरित्रलाई जनाउने अंग्रेजी शव्द "Character" भन्ने प्राचीन ग्रीक शव्द "Charaktêr" बाट आएको हो यसलाई शुरुमा पैसाको गुण जनाउने पर्यायको रूपमा लिइने गरिन्थ्यो । पछि गएर एक वस्तु वा व्यक्तिको अर्को वस्तु वा व्यक्ति सँगको भिन्नता देखाउने शव्दको रूपमा प्रयोगमा आउन थाल्यो । ग्रीक शव्दावलीको अनुसार नैतिक चरित्र मूलतः Normative ethics, Applied ethics, र Controversial ethics को अवधारणाबाट अभिप्रेरित देखिन्छ । Normative ethics व्यवहारको सही वा गलत स्तरको मापन गर्ने अवधारणा हो भने, Applied ethics प्रयोगमा आएको व्यवहारको परीक्षण गर्ने अवधारणा र Controversial ethics भिन्न परिवेशमा प्रयोगमा आउन सक्ने व्यवहार प्रदर्शनको छनौटको अवधारणा हो [३]। सन् १९८२ मा V. Campebell र R. Bound ले चारित्रिक र नैतिकता विकास वंशानुगत गुण, बाल्यकालदेखिको अनुभव, आदर्श व्यक्तित्वको रूपमा लिइएका प्रौढहरूको प्रभाव, संचार, शिक्षा, सामाजिक वातावरण आदिवाट प्रभावित हुने विषय हो भनी थप व्याख्या गरेको पाइन्छ । अब्राहम लिंकनका अनुसार प्रतिष्ठा छाँया हो भने चरित्र रूख हो । परिभाषा सम्बन्धी अंग्रेजी शव्दकोशका अनुसार चरित्र मानिसको मानसिक तथा नैतिक जटिल विषय हो जसले भिन्न परिवेशमा व्यक्तिको स्थायी विषय हो [४] ।

चारित्रिक विकास सम्बन्धमा विभिन्न सैद्धान्तिक अवधारणाहरू प्रयोगमा आएका छन् जसमा Jean Piaget को चरित्र विकास सम्बन्धी सिद्धान्त पनि एक हो उनी नैतिक विकास सम्बन्धमा सुझाव दिने पहिलो मनोवैज्ञानिक हुन् उनका

अनुसार नैतिक विकास र चरित्र विकास व्यक्तिको कार्य, ज्ञान र वातावरण सँगको अन्तरक्रियाबाट संरचित हुने विषय हो र यो ३ अवस्थाबाट प्रयोगमा आउँछ। पहिलो अवस्थामा व्यक्तिले सही र गलत के हो भन्ने पहिचान गर्न थाल्दछ र यसमा आफू भन्दा ठूला व्यक्तिहरूको क्रियाकलापहरू नै यसको आधार बन्न पुग्दछ । यस अवस्थालाई Piaget ले Moral Realism भनेका छन्।Piaget को दोस्रो अवस्था Morality of Reciprocity हो यसमा व्यक्तिले अरूले गरेका काम र प्रदर्शित व्यवहारवाट सही र गलत छुट्याउने, भिन्नता पहिचान गर्ने, गलत व्यवहार दण्डित हुनुपर्ने जस्ता स्वविचारको विकास गर्न थाल्दछ ।Piaget ले परिकल्पना गरेको तेस्रो अवस्था Mature Adult Thinking हो यस अवस्थामा भिन्न नैतिक विषयहरू प्रयोगमा ल्याइने र जटिल विषयहरूलाई व्यावहारिक निर्णयबाट समाधान गर्ने गरिन्छ [५] ।

अर्का विद्वान् Lawrence Kohlberg ले प्रतिपादन गरेका चारित्रिक विकास सम्बन्धी सिद्धान्तले चरित्र वा नैतिकता सम्बन्धी विषय समयको विकासक्रम सँगै व्यक्तिले अपनाउदै जानुपर्ने विषय हो जसलाई व्यक्ति छोड्न मिल्दैन भन्ने कुरामा जोड दिएको छ । उनका अनुसार दयालुपना, इमान्दारीता, नागरिकता, प्रतिवद्धता उत्तरदायित्वबोध र सम्मान चारित्रिक विकासका ६ प्रमुख आधार स्तम्भहरू हुन्। उनले उपरोक्त ६ प्रमुख आधार स्तम्भहरूलाई Pre-Conventional Level (दयालुपना र इमान्दारी), Conventional Level (नागरिकता र प्रतिबद्धता), Post Conventional (उत्तरदायित्वबोध र सम्मान) मा वर्गीकरण समेत गरेका छन्। नैतिकतापूर्ण व्यवहार (Moral behavior) चारित्रिक विकासको एउटा महत्वपूर्ण पक्ष हो [६] । यसका विभिन्न चारवटा पक्षहरू रहेका छन्। पहिलो नैतिक संवेदनशीलता (Moral sensitivity), दोस्रो नैतिक जाँच (Moral judgment) र तेस्रो नैतिकता तर्फको उत्प्रेरणा र चौथो अन्तर सम्बन्धित पक्षहरू सँगको अन्तरक्रिया (Interaction among the components) हुन् [७]।

उपरोक्त परिभाषा र सैद्धान्तिक पृष्ठभूमिले चरित्र निर्माणको पक्ष मूलतः ३ तहबाट विकास हुने गरेको कुरालाई पुष्टि गर्दछ। पहिलो व्यक्तिको जन्म कुन परिवेश र पृष्ठभूमिमा भएको हो उसको सामाजिक, आर्थिक, सास्कृतिक परिवेशको आधारमा व्यक्तिको चालचलन निर्धारित हुने गर्दछ र यो चालचलन पछि गएर संस्कारमा परिवर्तन हुने र व्यक्तिको चारित्रिक पहिचानको रूपमा प्रतिविम्बित हुने गर्दछ [८]। दोस्रो पक्ष शिक्षा संगतको पक्ष हो। असल, व्यवहारोपयोगी र नैतिक शिक्षाको अवलम्बनले व्यक्तिका सकारात्मकताको प्रवर्द्धन गर्ने गर्दछ । शिक्षाको मूलभूत पक्ष भनेको ज्ञानको अभिवृद्धिद्वारा आफूलाई व्यवहार र जीवनपयोगी बनाउने हो। शिक्षाको मूल लक्ष्य चरित्र विकास नै हो [९] । तर व्यक्तिको शिक्षा आर्जन गर्ने क्षमता, त्यसप्रतिको जागरुकता, प्राप्त ज्ञानको प्रयोग गर्ने तत्परता आदिमा सामन्जस्यता स्थापित हुन नसकेमा शिक्षाले आफ्नो अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन। शिक्षाको अपरिहार्यता बढ्दै गएर पनि व्यक्तिहरूको मूल्य, मान्यता र नैतिकतामा ह्रास आउनु यसको ज्वलन्त उदाहरण हो । यसको अतिरिक्त व्यक्तिविशेषमा आन्तरिक रूपमै सिर्जित हुने मूल्य मान्यता प्रतिको विश्वास, एउटा मानवको हैसियतले स्व स्थितिको विकास र उन्नतिको साथसाथै समाज, राष्ट्र हुँदै विश्व कल्याणमा योगदान गर्ने चाहना पनि यसै विषयका अन्तरवस्तु अन्तरगत पर्दछन् । सकारात्मकताको अवलम्बन नै सक्षमता तर्फको प्रस्थानको शुरुवात विन्दु हो । सकारात्मकताको प्रवेशताको प्रबर्द्धन जति औपचारिक शिक्षा र सकारात्मकताको भौतिक

मापन विधिबाट गर्न सकिन्छ त्यति नै मूल्य, मान्यता, दायित्ववोध, समर्पण भाव, मधुरता, धैर्य, परोपकारिता, सहिष्णुता जस्ता पक्षको आन्तरिक सबलीकरणबाट पनि सकिन्छ । तेस्रो पक्ष भनेको व्यक्तिले आफूलाई चिन्ने क्रममा आफ्नो रहन सहन संस्कृति पारिवारिक, सामाजिक र शैक्षिक परिवेश को परिधिभित्र रहेर वा यस परिवेशको सम्भावित नकारात्मक घेरावाट टाढिएर स्व लाई र जीवन र जगतलाई चिन्ने र सो अनुरूप चल्ने प्रयास गर्दछ [१०] ।

चरित्र व्यक्तिमा अन्तर्निहित प्रतिबद्धता हो जसले आफूभित्र विद्यमान सद्गुण सद्विचार र असल शैलीको महशुसद्वारा सबै प्रति सहयोग सहानुभूति, अरूको भावना र विचारको सम्मान, मैत्रीपूर्ण व्यवहारको माध्यमद्धारा सवै प्रति सहयोग सहानुभूति, अरूको भावना र विचारको सम्मान, मैत्रीपूर्ण व्यवहारको माध्यमद्वारा आफ्नो लक्ष्य प्रति अभिमुख गराउने एउटा संयन्त्र हो [११] । व्यक्तिमा सदगुण, सदविचार र अन्य आवश्यकीय गुणहरू विद्यमान हुन सक्दछन् । यसको सार्थकता त्यतिबेला मात्र रहन्छ जब व्यक्ति अप्रत्याशित अवरोध र अरूचिपूर्ण स्थितिको अवस्थामा आफूमा विद्यमान उपरोक्त गुणहरूको प्रयोगले अरुचिपूर्ण स्थितिलाई सामान्य सहज र स्वीकार्य बनाउन सक्दछ । यसर्थ चरित्र भनेको असहज स्थिति सँग लड्न सक्ने क्षमता पनि हो । यदि व्यक्तिमा असल र व्यवहारोपयोगी चरित्रको अभाव हुन्छ भने अवरोधहरूलाई सामना गर्न नसक्ने र यसबाट टाढिने स्थितिको सिर्जना हुन्छ [१२]।

चरित्रको व्यवहारमा प्रयोग ल्याउन सक्नु असल चरित्रको उदाहरण हो । चरित्रको विकास समय र परिस्थितिको क्रमिक परिवर्तन सँगसँगै नैतिकताको नियमित अवलम्बन र गलत व्यवहारहरू माथिको विजयबाट हुँदै जान्छ । वास्तवमा हाम्रा दैनन्दिनीका परिवेशहरू अनुमानयोग्य हुँदैनन् । जसले धेरै अनिश्चितताहरू निम्त्याउने गर्दछन् । यसै अनिश्चितताका बीच र विविधताका बीच सकारात्मक रूपमा आफूलाई प्रस्तुत गर्न सक्नु नै असल चरित्रको विशेषताको रूपमा लिन सकिन्छ । मानिस सामाजिक प्राणी भएकोले समाजका धेरै अन्तर सम्बन्धित पक्षहरूसँग मानिसको नियमित सम्पर्क, सम्बन्ध र अन्तरक्रिया एउटा आवश्यकीय सर्त हो [१३]। सम्बन्धहरूको असल व्यवस्थापन चारित्रिक विकासको अर्को मापनयोग्य कसी हो । एउटा व्यक्तिको रूपमा हाम्रो अवश्यकता घर, परिवार, समाज, कार्यालय, विभिन्न संघ संस्थामा रहेको हुन्छ र ती सबै ठाउँमा हाम्रो हैसियत, भूमिका र उत्तरदायित्व फरक फरक रहेको हुन्छ । तसर्थ यी सबै क्षेत्रहरूमा भिन्न भूमिका र उत्तरदायित्वका बीचमा पनि प्रेम, सम्मान, विवेक जस्ता गुणहरूको प्रदर्शन गर्न सक्ने क्षमतायुक्त व्यक्ति नै चरित्रयुक्त हो [१४] ।

आत्म संयम चरित्रको अर्को एउटा महत्वपूर्ण पाटो हो । यो एउटा यस्तो अहिंसक वृत्ति हो, जसले अर्को व्यक्ति प्रति क्रोधपूर्ण र रुखो व्यवहार, उग्रता, झगडा, घृणा, अपमान, मिथ्या अहम्, लुकेको वा प्रस्फुटित भएको यौन चाहना जस्ता पक्षहरूलाई आफ्नो परिभाषा भित्र समेटेको हुँदैन । आत्मसंयमित व्यक्तिले शान्ति, बुद्धिमत्ता र गरिमायुक्त तवरबाट स्थितिलाई विश्लेषण गरेको हुन्छ र आउन सक्ने सम्भावित नकारात्मक व्यवस्थालाई सहन सक्ने शक्ति विकास गरेको हुन्छ । यसै गुणको कारणले असल चरित्रयुक्त व्यक्ति शान्तचित्त, मैत्रीपूर्ण व्यवहार युक्त र निष्कपट हुने गर्दछ [१५]। चरित्रयुक्त व्यक्ति भौतिकवादी परिवेश भित्र रहेर पनि आफूभित्र आध्यात्मिक शक्तिको प्रवर्द्धन गर्दै सरलता, सौम्यता परोपकारिता, सहयोगीपन जस्ता गुणहरू

विकास गर्न सफल भएका हुन्छ नजानिदो रूपमा आध्यात्मिक सिद्धान्तयुक्त व्यक्तिको जीवनशैलीको आधार बनेको हुन्छ । आफ्नो कमी कमजोरीको जिम्मेवार दोस्रो व्यक्ति वा नकारात्मक स्थितिलाई नलिएर त्यसलाई समाधान गर्ने तर्फ प्रयत्नशील रहन्छ [१६] । आफूभित्र रहेको ज्ञानलाई बौद्धिक अंहकारको रूपमा नलिने, नाम, मान र शानको क्षणिक आनन्दमा रमाउने प्रवृत्ति विद्यमान रहँदैन । पवित्रता असल चरित्रयुक्त व्यक्तिको अर्को महत्वपूर्ण गुण हो । यस्ता व्यक्तिहरूमा शारीरिक र मानसिक शुद्धता र पवित्रता कायम रहेको हुन्छ। सादा जीवन उच्च विचार, वैचारिक शुद्धता र स्पष्टता, पूर्वाग्रह रहित विचार, आफ्नो अधिकारको प्रयोग गर्दा दोस्रो व्यक्तिको अधिकारको हनन नहुने गरी प्रयोग गर्ने जस्ता गुणहरू विद्यमान रहेका हुन्छन् [१७] ।

आत्मिक र शारीरिक र सामाजिक सम्बन्धको व्यवस्थापन असर चारित्रिक पक्षको उदाहरणको रूपमा लिने गरिन्छ। असल चारित्रिक विकासको लागि जति सामाजिक र शारीरिक सम्बन्धको व्यवस्थापनले महत्व राख्दछ त्यो भन्दा बढी आत्मिक व्यवस्थापन र आत्मिक स्वच्छताको अपरिहार्यता रहन्छ । मानव शरीरमा २ वटा तत्वहरू रहेका हुन्छन् एउटा स्थूल शरीर र अर्को आत्मिक शक्ति । यी दुईको संयोगबाट नै एउटा सम्पूर्ण मानिसको स्वरूप निर्धारण भएको हुन्छ । हरेक व्यक्तिमा रहेको आत्मा परमात्मिक शक्तिको सम्पर्कमा रहेको हुन्छ र त्यही शक्तिको माध्यमद्वारा शरीरमा रहेका हरेक अंगहरू आत्माको निर्देशनबाट संचालित हुने गर्दछन्। नाम, पद, यश, ऐश्वर्य, शक्ति आदि शरीरसँग सम्बन्धित विषयहरू हुन् सही गुण सदविचार, नम्रता, परोपकारिता, सहयोगीपना आदि आत्मिक विशेषताहरू हुन् । चरित्रयुक्त व्यक्तिले शारीरिक स्वाभिमानमा ध्यान नदिई आत्मिक स्वाभिमानमा जोड दिएको हुन्छ [१८]।

आत्माले तीन सूक्ष्म शक्तिको आधारमा काम गर्ने गर्दछ – मन, बुद्धि र संस्कार। मन विचार उत्पन्न गर्ने शक्ति हो, बुद्धि विचारलाई परख गर्ने शक्ति हो। मनले भावना, अनुमान, अनुभूति, चाहना, प्रतिक्रिया, सपना आकांक्षा सृजनशीलता, आशा आन्तरिक दृष्टि जस्ता विचारहरू आउँछन्। यस्ता विचारहरू सकारात्मक, नकारात्मक, आवश्यक वा सामान्य हुने गर्दछन्। सकारात्मक विचारले मूल्य, मान्यता, दायित्व बोध, समर्पण भाव, मधुरता, धैर्य, परोपकारिता, सहिष्णुता, निष्पक्षता, तटस्थता, सदाचारिता, पारदर्शिता जस्ता पक्षको विकास गरी आफ्नो पेशागत दक्षता र प्रभावकारिता अभिवृद्धि गर्नमा सहयोग पुग्न जान्छ। यसबाट सार्वजनिक दायित्व निर्वाह गर्ने व्यक्तिहरूलाई सार्वजनिक चरित्रको प्रवेशताद्वारा सकारात्मकताको सन्देश प्रवाह गर्ने आदर्श चरित्र निर्माण गर्नमा सहयोग पुग्दछ। मनमा आएका विचारहरूको स्तर बुद्धिले निर्धारण गर्ने गर्दछ । मनमा आएका विचारहरू उपयोगी छ छैन, उपयुक्त छन् छैनन्, सही छन् छैनन्। सामान्यतया सकारात्मक विचारलाई बुद्धिले समर्थन गर्दछ। यदि मन अशुद्ध छ र बुद्धि कमजोर छ भने गलत संस्कारको निर्माण हुन जान्छ । आत्माले अनेक अनुत्पादक एवं नकारात्मक विचार र संस्कारको निर्माण हुन पुग्दछ जुन संस्कार बाह्य जीवनमा प्रयोगमा आउँदा जनमानसले अपेक्षा गरेको चरित्रको भिन्न हुन जान्छ।

यसरी बुद्धि मानव चेतनाको सर्वाधिक महत्वपूर्ण अंग हो व्यक्तित्व । व्यक्तित्व बुद्धिको शक्ति र यसको सूक्ष्मतामा निर्भर रहन्छ। यसैले व्यक्तिको चरित्र निर्माण आत्माको महत्वपूर्ण स्थान रहन्छ। मनले विचार उत्पन्न गर्ने बुद्धिले त्यसको जाँच गर्ने र तत्पश्चात् शुरुका उत्पन्न भएको

विचार संस्कारमा परिणत हुने गर्दछ । व्यक्तिमा अन्तर्निहित संस्कार व्यक्तिको परिचयको द्योतक हो असल संस्कार युक्त व्यक्ति नै चरित्रयुक्त हुने गर्दछ । यदि मनले सकारात्मक विचार ग्रहण गर्न सकेन भने या बुद्धिले नकारात्मक विचारलाई स्वीकार गरिदियो भने व्यक्ति गलत संस्कारयुक्त हुन पुग्दछ । यसर्थ मन र बुद्धिको स्वच्छता नै असल संस्कार र असल चरित्र निर्माणको प्रारम्भिक विन्दु हो ।

योग शब्दले मनुष्यलाई अलौकिकतातिर प्रेरित गर्दछ । योगाभ्यास एउटा यस्तो अनुशासित प्रक्रिया हो जसले मनलाई सकारात्मक विचार उत्पन्न गर्नमा सहयोग पुऱ्याउछ । विचार मानसिक ऊर्जाको एउटा रूप हो जसले शरीरद्वारा कर्ममा बदलिदिन सक्दछ । एक शक्तिशाली विचारमा अधिक ऊर्जा हुन्छ यहि ऊर्जायुक्त विचार नै सही कर्ममा रूपान्तरण हुन्छ । कमजोर विचारमा कम ऊर्जा हुन्छ । यदि विचार सकारात्मक छ तर कमजोर छ भने त्यसलाई सकारात्मक कर्ममा बदल्ने सम्भावना न्यून रहन्छ । एक कमजोर सकारात्मक विचार एक कमजोर नकारात्मक विचार वा शक्तिशाली नकारात्मक विचारमा बदलिन सक्दछ । मूल्य तथा मान्यता गुण र अपेक्षित स्तरको आवश्यकीय आदर्श सैद्धान्तिक आधार हो । यो स्व प्रयोगमा आधारित नियम तथा नैतिकताको आधारशिला हो जसले जीवनको स्पष्ट र सहजयात्रामा सहयोग पुऱ्याउँदछ । मूल्यलाई विश्वव्यापी, मानवीय र अल्पकालीन मूल्यमा वर्गीकृत गर्न सकिन्छ जसमा धार्मिक, कलात्मक, व्यावसायिक, सांस्कृतिक, आर्थिक, वातावरणीय, नैतिक, पारिवारिक, सामाजिक संस्थागत, राजनीतिक मूल्यहरू पर्दछन् । नैतिकता भित्र सकारात्मक प्रकृतिका आवश्यकीय अपेक्षित व्यवहार र संस्कृति पर्दछन् । यी सबै कार्यमा योगको महत्वपूर्ण स्थान रहन्छ ।

योगको प्रख्यातिको कारण समय त्रमसँगै यसका विविध स्वरूपहरू सामुन्ने आए । योग मानसिक पक्ष भन्दा शारीरिक पक्ष सँग सम्बन्धित भइदिनाले र हठयोगको कारणले योग सहज हुन सकेन र सहजयोगको रूपमा राजयोग प्रयोगमा आउन थाल्यो । राजयोगलाई ज्ञानयोग, सहजयोग, बुद्धियोग, भक्तियोग, कर्मयोग, संन्यासयोग आदि विभिन्न नामले पनि चिन्ने गरिन्छ । राजयोग एक मनोविज्ञान हो । राजयोगी बन्नको लागि ब्रह्मचर्य (मन, वचन, कर्मको शुद्धि), शुद्ध अन्न – जस्तो अन्न त्यस्तो मन), सत्सङ्ग - नियमित ज्ञान स्नान, सत्यको सँग) र दिव्य गुणहरूको धारण (अन्तर्मुखता, हर्षितमुखता, मधुरता, सहनशीलता, प्रसन्नता, सन्तुष्टता, निर्भयता, धैर्य) जस्ता नियमहरू आवश्यक ठानिन्छ । राजयोगीले घर गृहस्थ त्याग गरेर जंगलमा गएर कुटी गुफामा बसेर योग गर्नु पर्दैन । राजयोग परिवार र समाजमै रहेर दिनचर्यामा कुनै प्रतिकूल प्रभाव पर्न नदिई गर्न सकिन्छ ।

राजयोगले मनुष्यलाई कर्मकुशल बनाउँछ र वर्तमान यस दूषित वातावरणमा सन्तुलित जीवन जीउने कला पनि सिकाउँछ । राजयोगको निरन्तर अभ्यासले अन्तर आत्माका गुप्त र सुषुप्त शक्तिहरू जागृत हुन थाल्दछन् । योगले आत्मिक शक्तिलाई परमात्मिक शक्तिसँग निरन्तर सम्पर्कमा राख्ने र लौकिक परिवेशमा रहेर लौकिक परिवेशका विकृति र विसंगतिबाट मुक्त बनाई कर्मयोगी बन्नमा सहयोग पुऱ्याउँछ [१९] । राजयोगको यो विशेषता व्यक्तिको चारित्रिक विकासमा सहयोगी सिद्ध हुन जान्छ । योगले मूलतः आठ शक्तिहरू– विस्तार (गलत विचार, पद प्रतिष्ठा र ऐश्वर्यका अहमता) लाई संकीर्ण गर्ने शक्ति, सहयोग (यथाशक्य सेवा भावका भावना) शक्ति, सामना

गर्ने (असहज परिस्थिति र अवस्थालाई सहज रूपमा स्वीकार्ने) शक्ति, समाहित (हर परिवेश अनुरूप आफूलाई अनुकूल बनाउने) हुने शक्ति, निर्णय गर्ने शक्ति, परख शक्ति, सहन शक्ति र समेट्ने शक्तिको प्राप्तिमा सहयोग पुऱ्याउँछ । राजयोगीमा यी दिव्य गुण र शक्तिहरूको धारणा हुने हुनाले ऊ समाजको लागि एउटा प्रेरणादायी अंग बन्दछ । राजयोगको गुणको अवलम्बनको कारणले व्यक्तिमा आवश्यक चारित्रिक विकासको पर्याप्तता रहने गर्दछ ।

मूल्य-मान्यता र योग दुवै नैतिकता प्रवर्द्धन गर्ने संयन्त्रहरू हुन् । मूल्य मान्यता र योग अदृश्य संयन्त्रहरू हुन् भने नैतिकता मूल्य मान्यता र योगका सह उत्पादक दृश्य संयन्त्र हो । त्यस्तै स्वस्थ आध्यात्मिकता सवल जीवन शैलीको आधार हो । आध्यात्मिक योग्यता भएको मानिसले प्रत्येक घटना, परिस्थिति र समस्यालाई सकारात्मक दृष्टिकोणका साथ ग्रहण गर्दछ , घटनाबाट शिक्षा लिएर अनुभवी बन्दै दृढ मनोबल प्राप्त गर्न सक्दछ। तसर्थ स्वस्थ र वैज्ञानिक आध्यात्मिकता पनि सही मूल्य मान्यता र नैतिकताको प्रवर्द्धन गर्ने सहयोगी अंग बन्न सक्दछ । योगाभ्यास आन्तरिक शक्तिको विकास गर्ने उद्देश्यमूलक कार्य हो । यसको सही प्रयोगले अर्धचेतन अवस्थामा रहेको मनको तहमा सकारात्मकता, स्वच्छता र पवित्रताको सन्दर्भ प्रवाह गर्न सफल हुन्छ र बुद्धिलाई शक्तिशाली बनाउनमा सहयोग गर्दछ [२] ।

चारित्रिक विकास सभ्य मानव समाजको लागि अति आवश्यकीय विषय हो। एउटा व्यक्तिको रूपमा शान्त, सौम्य, प्रशंसित र सहज जीवनशैली व्यतीत गर्न यसको जति महत्व छ त्यति नै परिवार समाज र त्यो भन्दा अगाडिका अनेक सम्बन्ध, सम्पर्क, अन्तरक्रियामा यसको आवश्यकता छ। व्यक्तिको योग्यताको भौतिक मापकको रूपमा शिक्षा, अनुभव र दक्षताको महत्व रहने भएतापनि असल चरित्रविनाको शिक्षा, अनुभव र दक्षता महत्वहीन हुन पुग्दछ किनकि प्रतिष्ठा छाँया हो भने चरित्र रुख हो (अब्राहम लिंकनको परिभाषा)। योगाभ्यास एउटा अनुशासित प्रक्रिया भएकोले यसले मनलाई सकारात्मक विचार उत्पन्न गर्नमा सहयोग पुऱ्याउछ र विचार मानसिक ऊर्जाको रूपमा कर्ममा बदलिदिने सामर्थ्य राख्दछ साथै योगले आत्मिक शक्तिलाई परमात्मिक शक्ति सँग निरन्तर सम्पर्कमा राख्ने र लौकिक परिवेशमा रहेर लौकिक परिवेशका विकृति र विसंगतिबाट मुक्त बनाई कर्मयोगी बन्नमा सहयोग पुऱ्याउँछ। मूल्य, मान्यता, दायित्व बोध, समर्पण भाव, मधुरता, धैर्य, परोपकारिता, सहिष्णुता, निष्पक्षता, तटस्थता, सदाचारिता, पारदर्शिता मानव चरित्रका लागि न्यूनतम आवश्यकीय गुणहरू हुन् । राजयोगमा मूलतः आठ शक्तिहरूः विस्तारलाई संकीर्ण गर्ने शक्ति, सहयोग शक्ति, सामना गर्ने शक्ति, समाहित हुने शक्ति, निर्णय गर्ने शक्ति, परख शक्ति, सहन शक्ति र समेट्ने शक्ति रहेको हुन्छ जसले मानव चरित्रका लागि न्यूनतम आवश्यकीय गुणहरू मूल्य, मान्यता, दायित्व बोध, समर्पण भाव, मधुरता, धैर्य, परोपकारिता, सहिष्णुता, निष्पक्षता, तटस्थता, सदाचारिता, पारदर्शिताको प्राप्तिमा सहयोग पुऱ्याउँछ । यसर्थ राजयोग र व्यक्तिको चरित्र निर्माणमा सकारात्मक सम्बन्ध रहेको हुन्छ।

सन्दर्भ सामग्री

– [१] शर्म्मा नेपाल, वसन्तकुमार, (२०५८ भाद्र), नेपाली शव्दसागर ( सोपपत्तिक कोश) दोस्रो संस्करण, भाभा पुस्तक भण्डार चाबेल काठमाण्डौ

– [२] Educational Implications of Yoga, Eastern Philosophies of Education, www. wikipedia.com

– [3, 5, 14, 17] Paiget, J. (1965). The moral judgment of the child. New York, NY: The Free Press.

– [४] Eastern Philosophy, www.wikipedia.com

– [6, 7, 13] Liisa Myyry , Social Psychological Studies 9 A Professional Ethics Perspective on Moral Motivation, Moral Sensitivity, Moral Reasoning, A Professional Ethics Perspective on Moral Motivation, Moral Sensitivity, Moral Reasoning and Related Constructs Among University Students Academic dissertation presented at the Faculty of Social Sciences of the University of Helsinki, 2003

– [8, 12, 15] Noor, A. (2008), Ethics, Religion and Good Governance, , JOAAG, Vol. 3. No. 2

– [9] Work as a Spiritual Practice – The Power of Spiritual Character , Global Dharma Center www.globaldharma.org

– [10, 11] Kohlberg, L, & Turiel, E. (1989). Moral development and moral education. In G. Lesser (Ed.), Psychology and educational practice. Upper Saddle River, NJ: Person/Scott Foresman.

– [16] Berkowitz, M.B. (2002). The science of character education. In M. Damon (Ed.), Bringing in a new era in character education, Stanford, CA: Hoover Institution Press.

– [१८] Impact of yoga way of life on organizational performance, www.ncbi.nlm.nih.gov

–[१९, २०] रेग्मी दामोदर, सार्वजनिक प्रशासनमा मूल्य, नैतिकता र योगको महत्व, (२०७०), ॐ शान्ति सन्देश, वर्ष १३ अंक ६, २०७० फागुन चैत, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, ठमेल काठमाण्डौ

– New Ethical Challenges In a Changing Public Administration, João Bilhim, Bárbara Neves, Social and Political Sciences Institute of Lisbon Technical University Centre for Public Administration & Policies, June 2005

– Ryan, K., & Bohlin, K.E. (1999). Building character in schools: Practical ways to bring moral instruction to life. San Francisco, CA: Jossey-Bass.

– Wiley, L.S. (1998). Comprehensive character-building classroom. DeBary, FL: Longwood Communications.

– आचार्य कौटिल्य (नेपाली अनुवादक : तिलकप्रसाद लुइटेल), कौटिलिय अर्थशास्त्र(२०६८), विद्यार्थी पुस्तक भण्डार भोटाहिटी काठमाडौ

– राजयोगको आधारभूत विधि, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, विश्व शान्ति भवन ज्याठा ठमेल काठमाण्डौ ।



१. राजविराज : शिवरात्रिको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय युवा तथा खेलकुद मन्त्री पुरुषोत्तम पौडेल साथमा ब्रह्माकुमारी मधु बहिनी तथा नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी लिमिटेडका संचालक कृष्ण पौडेल । २. तीनकुने : शिवरात्रिको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै राष्ट्रिय धर्म सभाका अध्यक्ष डा. माधव भट्टराई, ब्रह्माकुमारी राज दिदी, ब्रह्माकुमार रतन दादा, ब्रह्माकुमारी सति बहिनी तथा अन्य । ३. गीतानगर : शिवरात्रिको अवसरमा शिव झण्डोत्तोलन गर्नुहुँदै पूर्व सभासद चित्रबहादुर श्रेष्ठ, ब्रह्माकुमारी सुवर्ण बहिनी, समाजसेवी गुणराज पाठक, ब्रह्माकुमार प्रेमराज लेखक तथा अन्य । ४. मलंगवा, सर्लाही : वार्षिकोत्सव कार्यक्रममा प्रमुख जिल्ला अधिकारीलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै गंगा माता तथा अन्य । ५. पिलुवा, बारा : राजयोग शिविर पश्चात् ग्रुप फोटोमा भद्रकाली गणका प्रहरी उपरीक्षक राजेन्द्र शाही, प्रहरी नायव उपरीक्षक, ब्रह्माकुमारी मैया तथा अन्य । ६. धरान : शिवरात्रिको अवसरमा ब्रह्माकुमारी नानीमैया बहिनीलाई शिव झण्डा हस्तान्तरण गरी शान्ति यात्राको शुभारम्भ गर्नुहुँदै प्रहरी नायव उपरीक्षक संजय सिंह थापा साथमा ब्रह्माकुमार तुलसी भाइ तथा अन्य । ७. बनेपा : शिवरात्रिको अवसरमा शान्ति यात्राको शुभारम्भ गर्नुहुँदै प्रहरी नायव उपरीक्षक कमलप्रसाद खरेल साथमा ब्रह्माकुमारी बाबामैया बहिनी, ब्रह्माकुमारी लक्ष्मी बहिनी तथा अन्य । ८. कावासोती : गृह प्रवेशको अवसरमा रिबन काट्नु हुँदै ब्रह्माकुमारी राज दिदी, ब्रह्माकुमारी लक्ष्मी बहिनी, ब्रह्माकुमारी सुनिता बहिनी तथा अन्य । ९. फत्तेपुर : शिवरात्रिको महोत्सवको उद्घाटन गर्नुहुँदै सशस्त्र प्रहरीका निरीक्षक धर्मप्रसाद आचार्य साथमा समाजसेवी निर्माण दाहाल, ब्रह्माकुमारी भगवती बहिनी तथा अन्य । १०. मन्थली : शिवरात्रि महोत्सवको उद्घाटन गर्नुहुँदै ने.क.पा. एमालेका जिल्ला अध्यक्ष शान्तिप्रसाद पौडेल, मन्थली नगर विकास समितिका अध्यक्ष लेखबहादुर कार्की, ब्रह्माकुमारी विष्णु तथा अन्य । ११. गौशाला : शिवरात्रिको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै समाजसेवी कमरेड रामचन्द्र कुशवाहा, ब्रह्माकुमारी गंगा माता, ब्रह्माकुमारी दुलारी बहिनी तथा ब्रह्माकुमारी गीता बहिनी । १२. रूपनी : महाशिवरात्रि महोत्सवको उद्घाटन गर्नुहुँदै स्व. वि. यू का सभापति रामचन्द्र यादव साथमा ब्रह्माकुमारी भगवती बहिनी तथा अ.स.ई अर्जुनकुमार राई ।


१


२



३


४


५


६


७



८


९


१०


११


१२

१. काठमाण्डौ : सम्माननीय उप राष्ट्रपति परमानन्द झालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै लण्डनबाट पाल्नु भएका ब्रह्माकुमार रतन दादा साथमा रत्ना दिदी तथा ब्रह्माकुमार रामसिंह भाइ । २. चतरा, धरान : १२ वर्षे कुम्भ मेलाको अवसरमा सम्माननीय प्रधानमन्त्री शुशील कोइरालालाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी नानीमैया बहिनी साथमा ब्रह्माकुमार तुलसी भाइ  तथा अन्य । ३. कमलादी, काठमाण्डौ : Future of Power कार्यक्रमको उद्घाटन गर्नुहुँदै पूर्व मन्त्री परिषदका अध्यक्ष तथा पूर्व प्रधान न्यायाधीश खिलराज रेग्मी साथमा ब्रह्माकुमारी राज दिदी, प्रसिद्ध उद्योगपति निजार जुमा तथा अन्य । ४. काठमाण्डौ : महाशिवरात्रिको अवसरमा शान्ति यात्रा समापन तथा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय उपप्रधानमन्त्री, संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंह साथमा ब्रह्माकुमारी राज दिदी तथा ब्रह्माकुमार रतन दादा । ५. भरतपुर : माननीय अर्थ मन्त्री रामशरण महतलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी सिता बहिनी । ६. गोंगबु : शिवरात्रिको अवसरमा विश्व सदभाव शान्ति पदयात्राको शुभारम्भ गर्नुहुँदै माननीय कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्री नरहरी आचार्य साथमा ब्रह्माकुमारी रिता बहिनी तथा अन्य । ७. कोटेश्वर : शिवरात्रिको अवसरमा विश्व सदभाव शान्ति पदयात्राको शुभारम्भ गर्नुहुँदै माननीय सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित साथमा ब्रह्माकुमारी बाबामैया बहिनी, ब्रह्माकुमारी सति बहिनी तथा अन्य । ८. होटेल अन्नपूर्ण, काठमाण्डौ : Future of Power डायलग कार्यक्रम पश्चात् ग्रुप फोटोमा प्रसिद्ध उद्योगपति निजार जुमा, ब्रह्माकुमारी राज दिदी, माननीय सभासद आरजु देउवा लगायत देश तथा विदेशका विशिष्ठ सहभागीहरू । ९. ठमेल, काठमाण्डौ : शिवारात्रिको अवसरमा शान्ति यात्राको शुभारम्भ गर्नुहुँदै माननीय सभासद द्वय नविन्द्रराज जोशी र दिपनारायण साह साथमा ब्रह्माकुमारी राज दिदी, ब्रह्माकुमार रतन दादा तथा अन्य । १०. सुकेधारा, काठमाण्डौ : शिवरात्रिको अवसरमा माननीय सभासद गगन थापालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी मुना बहिनी साथमा अन्य । ११. आरूबारी, काठमाण्डौ : शिवरात्रिको अवसरमा शान्ति यात्रको शुभारम्भ गर्नुहुँदै माननीय सभासद रामेश्वर फुँयाल साथमा एमालेका नेता कुष्ण राई, ब्रह्माकुमारी रमा बहिनी तथा अन्य । १२. कलंकी, काठमाण्डौ :  शिवरात्रिको अवसरमा कलश दिई शान्ति यात्रको शुभारम्भ गर्नुहुँदै माननीय सभासद ध्यानगोविन्द रंजित साथमा ब्रह्माकुमारी कविता, ब्रह्माकुमारी रेनु, ब्रह्माकुमारी अञ्जु तथा अन्य ।